वर्ष : १६, अंक : ३६, काठमाडौं, २०७७ पुस १० गते शुक्रबार, 25 December 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## कांग्रेसले देशैंभर आन्दोलन गर्ने

काठमाडौं । संसद विघटनविरुद्ध नेपाली कांग्रेसले पुस १३ गते सोमबार देशैंभर आन्दोलन गर्ने निर्णय गरेको छ । बिहीबार दिउँसो पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमितिको बैठकले यस्तो निर्णय गरेको छ । प्रधानमन्त्रीको संसद विघटन गर्ने कदम असंवैधानिक एवंम अलोकतान्त्रिक भएको निष्कर्षसहित कांग्रेसले देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा विरोध कार्यक्रम गर्ने घोषणा गरेको छ ।

## जसपाले प्रधानमन्त्री र राष्ट्रपतिको पुतला दहन गर्ने

काठमाडौं । संसद विघटनविरुद्ध जनता समाजवादी पार्टी नेपालले आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको छ । जसपाको केन्द्रीय समितिको मंगलबार बैठकले चारबुँदे निर्णय गर्दै तीन चरणको आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको हो । जसपाले आज शुक्रबार विभिन्न जिल्लाका प्रमुख स्थानहरुमा प्रधानमन्त्री र राष्ट्रको पुतला गर्ने, शनिबार जिल्लाका सदरमुकामलगायत विभिन्न स्थानहरुमा मसाल जुलुस प्रदर्शन गर्ने र आइतबार काठमाडौं उपत्यकालगायत विभिन्न स्थानहरुमा जनप्रदर्शन गर्ने निर्णय गरेको छ ।

## 'सरकारसँग चुनाव गराउने क्षमता छैन'

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका नेता लक्ष्मणलाल कर्णले प्रधानमन्त्री केपी ओलीले संविधानमा नै नभएको व्यवस्था प्रयोग गरेर संसद विघटन गरेको बताएका छन् । काठमाडौंमा बुधबार भएको एक कार्यक्रममा उनले वर्तमान सरकारसँग चुनाव गराउने क्षमता पनि नभएको दाबी गरे ।

उनले भने, 'जनताको विकासको पैसा काटेर चुनाव हुन सक्दैन् । यो रकम काट्न मिल्दैन् । प्रधानमन्त्रीले आफ्नो पद धरापमा पर्‍यो संसद विघटन गर्नु केटाकेटीको खेल जस्तो भयो ।' उनले आफ्नो पद धरापमा पर्ने बित्तिकै संसदलाई बलिको बोका बनाउनु संविधान विरोधी भावना रहेको उल्लेख गरे ।

उनले संसद विघटन गैरसंवैधानिक रहेको तर्क पेश गरे । अहिले चुनाव हुनसक्ने अवस्था र स्थिति नै नभएको पनि उनको भनाइ छ ।

# प्रदेश २ मा संसद विघटनको परपकम्प

## नेकपालाई क्षति, प्रदेश सरकार सुरक्षित

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार संसद विघटन गरेसँगै त्यसको असर प्रदेश २ मा समेत परेको छ । संसद विघटन लगत्तै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र प्रदेश २मा समेत अल्पमत र बहुमतको गणितीय लेखाजोखा सुरु भइसकेको छ । संसद विघटनको प्रभाव सबैभन्दा बढी नेकपालाई नै परेको छ ।

प्रदेश २ मा नेकपाको सरकार नभएपनि केन्द्रमा पार्टी विभाजन हुँदा प्रदेश नेताहरु पनि विभाजित भएका छन् । नेताहरु केपी ओली र प्रचण्ड-नेपाल समूहमा विभाजित हुँदा पार्टी कमजोर भएको छ । पार्टीका केन्द्रिय सदस्य, स्थायी समिति सदस्य र सचिवालय सदस्यहरु ओली र प्रचण्ड-नेपाल समूहमा विभाजित भएका हुन । नेताहरु विभाजित हुँदै त्यसको सीधा असर प्रदेश सभामा परेको छ जहाँ नेकपाका ३२ जना सांसद छन् । ३२ जना मध्ये पूर्व नेकपा एमालेले २१ र नेकपा माओवादीले ११ सिट जितेको थियो । नेकपाका ३२ जना प्रदेशसभा सदस्य मध्ये ११ जना तात्कालीन माओवादीका रहेका छन् भने पूर्व एमालेको नेपाल समूहका ९ जना गरी दाहाल–नेपाल समूहमा २० र ओली समूहका १२ जना मात्र रहेका छन ।

यस प्रदेशमा ओली समूहभन्दा बढी मजबूत स्थितिमा दाहाल–नेपाल समूह देखिएको छ । पार्टी विभाजनको चर्चा सुरु भएपछि प्रदेश २ का प्रदेशसभा सदस्यहरुबीच वैचारिक खेमा समेत सुरु भइसकेको छ । प्रदेश २ मा ओली समूह प्रदेशसभा, केन्द्रीय समिति, स्थायी समिति र संघीय सांसदमा समेत कमजोर अवस्थामा रहेको छ ।

नेकपा प्रदेश २ का संयोजक प्रभु साहले भने,'हामी ओली समूहभन्दा मजबूत स्थितिमा छौं, तर केही सदस्य खुलेर आउन नचाहेको कारण को कुन स्थितिमा छ भन्न सकिन्न ।' अंकगणितीय हिसाबले अल्पमत र बहुमत कुन समूहमा रहेको छ भन्ने जिज्ञासामा उनले त्यो कुरा बैठक पश्चात हस्ताक्षरको आधारमा मात्रै भन्न सकिने बताए ।

प्रदेशसभा सदस्य शत्रुधन महतोले यस प्रदेशमा आफूहरुको खेमा मजबूत स्थितिमा रहेको दाबी गरे । उनले भने,'तात्कालीन माओवादी केन्द्रका ११ र नेपाल समूहका ९ जना गरी हामी २० जना प्रदेशसभा सदस्यहरु छौं । ३ जना सदस्य अझै रहेपनि उनीहरु खुलेर आउन चाहेका छैनन् ।'

प्रदेशसभा सदस्य दिलिप साहले प्रधानमन्त्री ओलीले संसद विघटन गरेर जनतालाई धोखा दिएको भन्दै आक्रोश व्यक्त गरे । उनले ओलीले लोकतन्त्र, संघीयता, गणतन्त्र र जनताको बलिदानीको कदर नै नगरी आफ्नो निजी स्वार्थ र कुर्सी जोगाउनका लागि निरंकुशता देखाएको प्रतिक्रिया दिए ।

उता नेकपा प्रदेश २ का संसदीय दलका नेता सत्यनारायण मण्डलले प्रतिनिधिसभा भंग गर्ने ओली र राष्ट्रपतिको कदम एकदम सही र संविधानको दायरा भित्रै रहेको दाबी गरेका छन् । उनी ओलीको विश्वास पात्रहरु मध्येका एक हुन् । त्यसैले उनी प्रधानमन्त्री ओलीको पक्षमा उभिएका छन् ।

प्रदेश २ बाट नेकपाको स्थायी समितिमा रघुवीर महासेठ, मातृका यादव, गिरिराजमणि पोखरेल र सत्यनारायण मण्डल सहित ४ जना सदस्य छन । जसमध्ये मण्डल बाहेक सबै दाहाल–नेपाल समूहकै छन । त्यस्तै ७० जना केन्द्रीय सदस्य मध्ये ६०र४० को भागबण्डाको हिसाबले २८ जना दाहाल गुटका र करीब २० जना नेपाल समूहका गरी ५० जनाभन्दा बढी दाहाल- नेपाल समूहका रहेका छन् ।

यसैबीच ओली समूहको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय सदस्यमा पर्साका ९ जना नेता कार्यकर्ता परेका छन् । नेकपाको पर्सा जिल्ला अध्यक्ष प्रभु हजारासहित ९ जना नेता कार्यकर्ता ओली समूहको नेकपामा केन्द्रीय सदस्य बनेका हुन् ।

नेकपाको आमन्त्रित केन्द्रीय सदस्य निर्मला देवकोटाबाहेक केन्द्रीय सदस्य बनेका अन्य सबै नयाँ केन्द्रीय सदस्य भएको उनीहरूले खुलासा गरे। केन्द्रीय सदस्य बन्नेहरूमा संविधानसभाका सदस्यहरू राजकुमार गुप्ता, जयप्रकाश थारू, जुनेद अन्सारी, र प्रद्युमन चौहान पनि परेका छन् ।

त्यसैगरी, नेकपाको वीरगञ्ज महानगरपालिकाका सचिव डा. विश्वम्भर शर्मालगायत विना शर्मा मारवाडी र नेशनल मेडिकल कलेजका एमडी बसुरुद्दिन अन्सारी रहेका छन् ।

साविकमा केन्द्रीय सदस्य रहेका नागेन्द्र चौधरी, उर्मिला अर्याल, रामचन्द्र साह भने प्रचण्ड र माधव गुटबाट विचलित भएका छैनन् ।

यस्तै, ओली समूहको केन्द्रीय सदस्य पद प्रदेश २ का दुई जना नेताले अस्वीकार गरेका छन् । नेकपाका प्रदेश कमिटी सदस्य सुन्दर विश्वकर्मा र कमलेश झाले पद अस्वीकार गरेका हुन् ।

प्रदेश सभा सदस्य समेत रहेका विश्वकर्मा नेकपा प्रदेश २ संसदीय दलका सचेतक पनि हुन् । वामगठबन्धनबाट टिकट पाएका उनी बारा क्षेत्र नम्बर ४ को ण्क) बाट निर्वाचित प्रदेश सभा सदस्य हुन् । प्रेस विज्ञप्ति जारी गर्दै विश्वकर्माले केन्द्रीय सदस्य पद अस्वीकार गरेको घोषणा गरे । केन्द्रीय सदस्यको पद अस्वीकार गर्ने झा नेकपा सर्मथित मजदुरहरुको संगठन नेपाल ट्रेड युनियन महासंघ जिफन्ट प्रदेश कमिटी अध्यक्ष हुन् ।

**प्रदेश सरकार सुरक्षित**

संघीय संसदको विघटन र नेकपाको विभाजनको अन्य प्रदेश सरकारहरूमा परे पनि त्यसबाट प्रदेश २ सरकार सुरक्षित छ । सात प्रदेश सरकारमध्ये नेकपाले ६ वटामा नेतृत्व गरिरहेको छ । तर प्रदेश २ मा जसपाको सरकार छ । अन्य प्रदेशहरुमा नेकपा नेत्तृवको सरकार भएका कारण पार्टी विभाजनको असर परेको हो । १०७ सदस्यीय रहेको प्रदेशसभामा नेकपामा ३२ सांसद मात्र छन् । जबकी जसपाको ५५ प्रदेशसभा सदस्यहरु छन् । त्यहाँ प्रदेश सरकार बनाउन ५४ मत चाहिन्छ । प्रदेश २ मा काँग्रेसको १९ र अन्य एक जना प्रदेश सभा छन् । नेकपा विभाजन हुँदा ओली र प्रचण्ड समूहले चाहेर पनि सरकार ढाल्न सक्छ न त बनाउन नै सक्छ ।

### प्रदेश २ मा ओली र नेपाल–प्रचण्ड समूहका प्रदेशसभा सदस्यहरू

**ओली समूह**

लगनलाल चौधरी
अनिता कुमारी यादव
सत्यनारायण मण्डल
किशोरी साह कमल
सुन्दरबहादुर विश्वकर्मा
रवीन्द्र बैठा धोवी
मनोज कुमार सिंह
मदनसेन प्रताप श्रीवास्तव
दिल्ली प्रसाद उप्रेती
नागेन्द्र राय यादव
त्रिलोकी प्रसाद
जगतारैन देवी सुडि
बेची लुंगेली

**नेपाल-प्रचण्ड समूह**

शत्रुधन महतो
मञ्जु कुमारी यादव
हसिमा खातुन
अशोक कुमार यादव
सीता गुरुङ
प्रमोद कुमार यादव
गोविन्द बहादुर न्यौपाने
कुन्दन प्रसाद कुशवाहा
शारदा देवी थापा
दिलीप कुमार साह
प्रमिला कुमारी यादव
रुबी कुमारी कर्ण
ज्वाला कुमारी साह
महम्मद समिर
रामचन्द्र मण्डल
फुलिया देवी सदाय
दिल्ली प्रसाद उप्रेती
भरत प्रसाद साह
रामकुमार यादव

## नेकपा विभाजनमा चिनियाँ राजदूतको चासो

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी विभाजन औपचारिक रुपमा हुन बाँकी छ । पार्टीका दुई अध्यक्षहरु केपी ओली र पुष्पकलम दाहालले आआफनो गुटको भेला गरेर छुट्टै केन्द्रीय समिति बनाएका छन् ।

नेकपा फुटको अन्तिम संघारमा पुगिसकेको बेला नेपालस्थित चिनियाँ राजदूत होउ यान्छीको सक्रियता बढेको छ । उनले विगत झै अहिले पनि नेकपालाई अझै मिलाउने अन्तिम प्रयास थालेकि छन् ।

नेकपा विभाजन भएपनि एकसाथ चुनाव लड्ने अवस्था बनाउन र सकेसम्म एक बनाउने यान्छीको प्रयास रहेको जनाइएको छ । चिनियाँ राजदूत यान्छीले मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेटिकि थिइन भने बिहीबार नेकपा अध्यक्ष दाहालसँग भेट गरेकी हुन । नेकपालाई चिनियाँ पहलमा एक बनाइएको र अझै पनि एक बनाउने प्रयासस्वरुप यान्छी सक्रिय भएकी हुन । यसअघि पार्टी भित्र पटक पटक विवाद उत्पन्न हुँदा पनि उनको सक्रियाता बढेको थियो । अहिले पनि नेकपामा विभाजनको रेखा कोरिए पछि उनी सक्रिय भएकी हुन । अध्यक्ष प्रचण्डलाई भेट्न याङ्छी उनको निवास खुमलटार पुगेकी थिइन् । सो क्रममा अध्यक्ष प्रचण्ड र राजदूत याङ्छीबीच आधा घण्टा कुराकानी भएको बुझिएको छ ।

त्यसक्रममा राजदूत याङ्छीले प्रचण्डसँग विकसित राजनीतिक घट्नाक्रमका बारेमा चासो राखेकी थिइन् । यसअघि पनि नेकपमा विवाद बढ्दा याङ्छीले नेताहरुलाई भेटेर पार्टी विभाजन रोक्न आग्रह गर्दै आएकी थिइन् ।

## संसद् बैठक बोलाउनुस् : जसपा

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालले सभामुख अग्निप्रसाद सापकोटालाई प्रतिनिधिसभा बैठक आह्वान गर्न आग्रह गरेका छन् । सभामुख सापकोटालाई सिंहदबारस्थित उनकै कार्यकक्षमा भेट गर्दै जसपाका नेताहरुले संसद बैठक बोलाउन आग्रह गरेका हुन ।

प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार संविधानले नदिएको अवस्थामा संसद् जीवितै रहेको निष्कर्षसहित जसपाले बैठक आह्वान गर्न आग्रह गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई संसद् विघटन गर्ने अधिकार संविधानले नदिएको निष्कर्षसहित संसद् बैठक आह्वान गर्न दबाब दिँदै जसपाका नेताले सभामुख सापकोटासँग भेटवार्ता गरेको जसपाका नेता विश्वदीप पाण्डेले जानकारी दिए । 'प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने



अधिकार संविधानले नदिएको अवस्थामा संसद् जीवितै रहेको निष्कर्षसहित सभामुख अग्निप्रसाद सापकोटालाई बैठक आह्वान गर्न आग्रह गर्दै जसपा नेताहरु बाबुराम भट्टराई, उपेन्द्र यादव, लक्ष्मणलाल कर्ण अहिले सभामुख अग्नि सापकोटालाई सिंहदरबारमा भेट गर्दै' पाण्डेले फेसबुकमा लेखेका छन् ।

जसपाका नेताहरूले संसद विघटन भएकै दिनदेखि प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार संविधानले नदिएकाले संसद् जीवितै रहेको बताउँदै आएका छन् । सभामुखले आफू विभिन्न निकाय र विज्ञसँग परामर्शमा रहेकोले छलफलकै आधारमा कदम चाल्ने बताएको सभामुखको सचिवालयले जनाएको छ ।

**समय–सन्दर्भ** विमलप्रसाद श्रीवास्तव

## प्रधानन्त्रीको सन्देश तर्कहीन



प्रतिनिधिसभा विघटनपछि प्रधानमन्त्रीको सम्बोधनलाई लाज पचाउनका लागि जे मन लाग्यो त्यही बोल्ने हो जस्तै हो । आफ्नो आन्तरिक झगडाले गर्दा संसद विघटन गर्नुपर्ने तुकै छैन । तपाइँलाई तपाइँको पार्टीले सहयोग गरेन भने संसद विघटनसँग सम्बन्धित कुरा नै होइन । त्यसकारणले एउटा बहाना लिएर प्रधानमन्त्रीले देशवासीको नाममा सम्बोधन गर्नुभएको छ । यो त लाज पचाउने कुरा मात्र हो । कसैले आफ्नो लोग्ने स्वास्नीबीचको घरको झगडालाई सार्वजनिक गरेर अरुलाई बदनाम गर्नु राम्रो होइन नि ।

यस विषयमा हाम्रो पार्टीले एउटा निर्णय पनि गरेको छ । हामी सडक संघर्षमा छौं । त्यसमा सबै पार्टी मिलेर एउटा निर्णय गर्ने भन्ने कुरा पनि छ । त्यसको कानूनी उपचारको कुरा पनि भइरहेको छ । त्यसकारणले यस विषयमा केही प्रतिक्षा गर्नुपर्छ ।

कानूनसम्मत प्रतिनिधिसभा विघटन गर्नुपर्ने मिल्दैन, संविधानमा यसको बारेमा

**यदि निष्पक्षताका साथ सर्वोच्चले फैसला गर्ने हो भने संसद विघटनलाई बदर गर्नुपर्ने हो । सर्वोच्चले चाहयो भने संसदलाई पुनर्बहाली गर्न सक्छ ।**

*बाँकी अन्तिम पृष्ठमा*

## दुई अध्यक्षीय प्रणाली स्वीकार छैन : प्रभु साह



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) प्रदेश २ का अध्यक्ष प्रभु साहले पार्टी भित्र दुई अध्यक्षीय प्रणालीलाई अस्वीकार गर्न आह्वान गरेका छन् । नेकपा केन्द्रिय सदस्य समेत रहेका नेता साहले बिहिवार एक प्रेस विज्ञप्ति जारी गर्दै असफल सिध भइसकेको दुई अध्यक्ष प्रणाली बिना कुनै छलफल अगांल्ने नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड समुहको निर्णय प्रति असहमति एवं आपत्ती जनाएका छन् ।

विगतमा अलग अलग रहँदा एकल अध्यक्ष प्रणालीमा तत्कालीन दुई दलले करिब दुई तिहाईको ऐतिहासिक सफलता पाएको तर एकता भई दुई अध्यक्षीय प्रणाली अप्नाएपछी अध्यक्ष वीच टकराव बढेको र पार्टी क्षतविक्षत एवम् सिंगो राज्य व्यवस्था नै अस्तव्यस्त भएको निष्कर्ष निकाल्दै साहले दुई अध्यक्षीय प्रणाली आवश्यक नभएको जनाएका छन् ।

मार्क्सवादी मान्यता एवं लेनिनवादी संगठनात्मक सिद्धान्त विपरीत निर्माण भएको दुई अध्यक्षीय प्रणाली अवस्तुवादी र अवैज्ञानिक भएकै कारण अहिले देशले घात व्यहोर्नुपरेको ठहर उनको रहेको छ ।

'हिजो अलग अलग पार्टीको एकल अध्यक्ष भएको समयमा प्राप्त गरेको सफलता पार्टी एकता पछि निर्माण भएको दुई अध्यक्षीय प्रणालीमा अध्यक्षहरुबीचको आपसी टकरावले आज पार्टी क्षतविक्षत मात्र भएन सिंगो व्यवस्था नै अस्तव्यस्त भई देश अन्योलग्रस्त स्थितिमा छ' साहले भनेका छन्, 'मार्क्सवादी मान्यता र लेनिनवादी संगठनात्मक सिद्धान्त विपरीत निर्माण भएको दुई अध्यक्षीय प्रणाली अवस्तुवादी र अवैज्ञानिक भएकै कारण देशले गम्भीर घात व्यहोर्नुपरेको छ ।'

नेता साहले प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा गरिएको संसद विघटनलाई आत्महत्याको संज्ञा दिई आफू प्रचण्ड नेतृत्वलाई साथ दिएको तर सो समूह विगतको गल्ती स्वीकारेर सच्याउनुको सट्टा पुनरावृत्ति गरेको उनको आरोप छ ।

'कुनै पनि आन्दोलनको सफलता नेतृत्व, विचार र संगठनमा निर्भर हुन्छ । नेतृत्व सम्बन्धि विश्वव्यापी मान्यता विपरीत नेपालमै असफल सिद्ध भइसकेको दुई अध्यक्षीय प्रणाली जस्तो गम्भीर विषयमा छलफल नै नगरी अगिंकार गर्ने गलत निर्णयप्रति औपचारिक एवं अनौपचारिक रूपमा पटक पटक सुझाव जाहेर गर्दा पनि निषेध एवं निरंकुशताको शैलीमा अगाडि बढाइएको विषयप्रति मेरो गम्भीर असहमति एवं आपत्ति छ' साहले भनेका छन्, 'यसर्थ देश र जनतालाई घात गर्ने दुई अध्यक्षीय प्रणाली अस्वीकार गरी सहि नेतृत्व प्रणालीको स्थापनाको लागि सबैमा विशेष अनुरोध गर्दछु ।'

## सम्पादकीय

# ओझेलमा उखु किसानको न्याय

प्रतिनिधिसभा विघटनसँगै विकसित राजनीतिक घटनाक्रमले उखु किसानको आन्दोलन ओझेलमा परेको छ । चार वर्षदेखिको बक्यौता रकम भुक्तानी गरिदिन माग गर्दै किसानहरुले मंसिर २८ गतेदेखि जारी राखेको आन्दोलनलाई विसर्जन गर्न सरकार गम्भीर छैन ।

उनीहरूलाई पुसको ठण्डीले पनि गाल्न सकेको छैन । न त उनीहरू सत्ता राजनीतिको रापको नै कुनै पर्वाह गरिरहेका छन् । उनीहरूको एक मात्र माग छ - विगत चार वर्षदेखि पाउन नसकेको उखुको दाम पाउनु पर्छ । यो आन्दोलनको अरू कुनै मुद्दासँग सरोकार छैन । यसपटक उनीहरूको मागलाई सरकारले नसुनेको प्रतीत भएको छ ।

किसानहरुको आन्दोलनमा विभिन्न राजनीतिक दल एवम् संघसंगठनहरूले ऐक्यबद्धता जनाए पनि सरकारले अहिलेसम्म तत्परता देखाएको छैन । देशको विकसित राजनीतिक घटनाक्रमले किसानको मुद्दा छायामा परेको छ । यद्यपी राजनीतिक घटनाक्रमले किसानको आन्दोलनलाई केही असर गरेको भएपनि यसले किसानलाई बिचलित भने बनाएको छैन । हुन त किसानको आन्दोलन र सरकारको चर्को विरोधपछि इन्दिरा, लुम्बिनी, अन्नपूर्ण र श्रीराम सुगर मिलले थोरै भए पनि भुक्तानी प्रक्रिया थाले पनि त्यो पर्याप्त भने छैन ।

सरकार र उद्योगीकै मिलोमतोमा थोरै तिरेर बाँकी रकम नदिने रणनीति बनेको हुन सक्ने किसानको आरोप छ । कृषि मन्त्रालयको पछिल्लो तथ्याङ्क अनुसार नेपालका ४१ जिल्लामा उखु खेती गरिन्छ । तर व्यावसायिक खेतीका रूपमा १४ जिल्लामा मात्र गरिंदै आएको छ । झण्डै एक लाख किसान यो नगदे

**राजनीतिक घटनाक्रमले किसानको आन्दोलनलाई केही असर गरेको भएपनि यसले किसानलाई बिचलित भने बनाएको छैन ।**

पेसामा लागेको अनुमान गरिएको छ । खासगरी तराईका सबै जिल्ला उखु खेतीका लागि योग्य मानिन्छ र प्रदेश नम्बर २ का जिल्लामा यसको खेती व्यापक छ । अहिले आन्दोलन गर्नेहरू पनि प्रदेश २ र लुम्बिनी प्रदेशका किसान नै छन् ।

अहिले भइरहेको किसानको आन्दोलनको सुनुवाइ संघीय सरकारले गरिरहे पनि यो काम प्रदेश र स्थानीय सरकार हो । राज्य पुन:संरचनामा गएपछि उखु खेतीलाई हेर्ने संघीय निकाय कुनै छैन । एउटा चिनी मिलले त एकैपटक १६ करोड भुक्तानी दिएको खबर छ । एकैपटक यत्रो रकम निकाल्न सक्ने मिलले वर्षौंदेखि किन आलटाल गरिरह्यो ? के किसानका केही हजार वा लाख मारेर आफू मात्रै अर्बपति बन्ने योजनामा यो मिल थियो ? यो प्रश्न अनुत्तरित छाड्नु हुँदैन । अन्यथा यो समस्या आउने वर्षमा पनि बल्झिइरहनेछ ।

किसानले आफ्नो वस्तुको भुक्तानी पाउन आन्दोलन गर्नु नपरेको वर्ष नै छैन । चिनी मिल बन्द गरेर उखु नकिन्ने धम्की दिने वा आंशिक भुक्तानी दिएर उनीहरूलाई अल्मल्याउने काम हुँदै आएको छ । यसले गर्दा उखु खेतमै सुकेर जाने र उचित मूल्य नपाउने झण्झट किसानले बेहोर्दै आएका छन् । यसले नगदे बाली भनिए पनि उधारो बिक्री हुँदै आएको उखु खेतीका लागि किसानहरू निरुत्साही हुँदै आएका छन् ।

राहत किसानले पाउनु पर्ने हो, मिल मालिकले होइन । समयमा मल बीउ पाउने अधिकारबाट कुण्ठित हुँदै आएका किसानले अनुदान पाउँदा मल, बीउ, औजार खरिद गर्दा पाउनु पर्ने हो । तर उद्योग बचाउनका निम्ति सरकारले मिल मालिकलाई अनुदान दियो । यसो गरिरहँदा किसानले आफ्नो उत्पादनको मूल्य पनि पाउने र मिल मालिक पनि नडुब्ने तर्कले काम गऱ्यो होला ।

# मुठभेडतिर उन्मुख राजनीतिक दिशा

**विचार-विश्लेषण** भाग-७८



उपेन्द्र झा

**प्रतिनिधिसभा पुनर्स्थापित भएन, चुनावसम्म सामान्य रुपमा राजनीतिले जान दिएन भने देश अर्को कोर्समा जाने सम्भावनालाई नकार्न सकिदैन । यसको सारा कलंक नेकपामाथि जाने प्रष्ट छ । चुनावभन्दा धैरै अगाडि जाने ओलीको प्लानिङ्ग छ भने त्यो नेपालको ठूलो दुर्भाग्य हुनेछ । नेकपाको यहींबाट नेपाली राजनीतिमा पतन हुने क्रम शुरु हुनेछ ।**

पौष ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले अकारण असंवैधानिक रुपले संसद विघटन गरी देशलाई एकपल्ट राजनीतिक मुठभेडतिर धकेलिदिएको छ । २०७८ बैशाख १७ र २७ गते दुई चरणमा चुनाव गराउने घोषणा गरेपनि ओलीको हरेक क्रियाकलाप संदिग्ध रहेको अवस्थामा नेपालको राजनीति सामान्य ढंगले अगाडि बढ्ने कुरामा कोही विश्वस्त भइरहेको छैन ।

पौष ७ गते नेकपा विभाजित भएर पार्टीभित्रको अन्तरसंघर्षको पटाक्षेप गरेको छ । नेकपामा रहेका ४४१ केन्द्रीय सदस्यमध्ये ३१५ जना उपस्थित रहेको प्रचण्ड-नेपाल समूहको केन्द्रीय समितिको बैठकले केपी शर्मा ओलीलाई साधारण सदस्यबाट निष्काशित गरी सो ठाउँमा माधव नेपाल सर्वसम्मतबाट अध्यक्ष मनोनीत भई दुई अध्यक्षीय प्रणालीले निरन्तरता पाएको छ । संसदीय दलको नेतामा अर्को अध्यक्ष पुष्पकमल दहाल प्रचण्ड चयन भएको छ । पौष ७ गते नै दुवै पक्षको बैठक बसी दर्ताका लागि निर्वाचन आयोगमा आवेदन पनि गरेका छन् । तुलनात्मक रुपमा प्रचण्ड नेपाल समूह ओली समूहभन्दा निकै मजबूत रहेको बुझिएको छ ।

नेकपाको स्थिर सरकार पाएर देश र जनता निकै उत्साहित भएका थिए । देशले विकास र जनताले सुशासनको माध्यमबाट जीवनशैली बदल्ने ठूलो आश लिएका थिए । नेकपाको सरकारले अनुकूलताको असीम अवसर पाएर पनि देश र जनताका लागि केही गर्न नसकेको, राजनीतिलाई आफ्नो स्वार्थका लागि प्रयोग गरेका कारण भ्रष्टाचार, हत्या हिंसा, बलात्कार, दुराचार, व्यभिचार आदि अराजक ढंगले बढेको आरोप आफ्नै पार्टीले लगाएको छ । राजनीतिक अनुकूलताबाट प्राप्त अहंकारले केपी शर्मा ओली यथार्थबाट धेरै टाढा भएर आत्मरतिमा तल्लीन भएपछि राज्यको कार्यभारलाई ईमानदारी ढंगले कार्यान्वयन गर्ने विवेक गुमाउनु भयो । अहंकारले यिनलाई देवत्वको भ्रम दिएपछि आफ्नै पार्टी तथा सहकर्मीप्रति विगत ६ महिनादेखि गरेको व्यवहार कति नकारात्मक छ भन्ने कुरा जनताले बुझेका छन् । शक्ति मदमा आज पार्टी विभाजन गरेर आफै कमजोर बन्न पुगेको कुरा सम्पूर्ण देशवासीले देख्यो ।

नेकपाको एकतालाई अक्षुण्ण राख्न अहोरात्र खटिने चिनियाँ राजदूत पनि केपी शर्मा ओलीलाई चित्त बुझाउन सकेन । चीनसँगको विकसित गहिरो मैत्री सम्बन्धको सम्बेदनशीलतालाई पनि ओलीको अहंकारले कुनै महत्व दिएन । ओलीको सामन्ती र जिद्दी स्वाभावले नेकपालाई मात्र कमजोर बनाएन, राजनीतिक धरातललाई अस्थिर बनायो, देशको विकास र जनताको जीवनशैली बदल्ने कम्युनिष्टप्रति आस्था राख्ने जनताको विश्वासको धरातल भत्काएको छ । कुरुवंशको जडमूल अन्त गर्ने संसारको ठूलो उदाहरणको रुपमा रहेको दुर्योधनको अहंकार जस्तै देखिएको ओलीको अहंकार पनि नेपाली राजनीतिमा ठूलो विनाशकारी घटना ल्याउने सम्भावना सबैले अनुभूत गर्न थालेको छ ।

संसद विघटन गर्ने ओलीको कदमप्रति केही अवसरवादी शक्तिहरु खुलेर प्रशंसा गरेको सामाजिक सञ्जालमा देखिन्छ भने प्रतिद्वन्द्वी राजनीतिक पार्टीहरु अन्तर मनमा खुशी भएका छन् । ओलीजीले बनाएको ठूलो शक्तिशाली दुर्ग आफै भत्काएर अरुलाई राजनीति गर्न सहज बनाई दिएको कुराबाट कतिपय राजनीतिक दलहरु मनमा अपार खुशीका साथ गोहीको आँसु झार्दै ओलीको कदमलाई असंवैधानिक भनेर वाहवाही लुट्दै छन् । राजनीतिक तरलतामा अवसर खोज्ने शक्तिहरु आफ्नो स्वार्थबाहेक देश र जनताको हितका लागि राजनीतिलाई सही दिशामा गतिशील गराउने क्षमता कुनै राजनीतिक दलमा छैन । अवसर नपाउने अवस्थामा फरक विचारका शक्तिहरुसँग पनि न्यूनतम् सम्झौता गरी सडक आन्दोलन चर्काउने राजनीतिक दलहरुको अभ्यास पनि शुरु भएको छ । भन्नका लागि सबैले जनताका लागि नै राजनीति गरेको दावा गर्छन् ।

ओली प्रवृतिको गन्तव्य कहाँसम्म हो यसको आँकलन जरुरी देखिएको छ । संसद विघटन गरेपनि ओली प्रधानमन्त्री पदबाट राजीनामा गर्नु भएको छैन । यसभित्र लुकेको कुरा के हो ? संसदीय दल तथा केन्द्रीय सदस्यमा प्रचण्ड-नेपाल गुटमा बहुमत रहेकोले के आधारमा पार्टी विभाजन भएको हो ? पार्टी विभाजन नगरी छुट्टै पार्टी बनाउने मनसाय हो भने नारायणकाजी श्रेष्ठलाई हटाएर प्रदीप ज्ञवालीलाई प्रवक्ता कसरी नियुक्त गरिएको हो आदि धेरै संदिग्ध कुराहरु छन् जो कानून सम्मत छैन ।

ओलीको कदमबारे विश्व समुदाय केही नबोलेको सम्बन्धमा पनि विभिन्न अडकलबाजी छ । कसैले नेपालको आन्तरिक मामिलामा विश्व समुदायले हस्तक्षेप गर्न नचाहेको भनेका छन् भने कसैले ओलीको निरंकूश व्यवहारमा हस्तक्षेप गरेर उनको अभद्रताको शिकार हुन चाहँदैन भनेका छन् । तर निष्कर्ष भने फरक छ । ओलीले संसद विघटन गरेर राष्ट्रिय, अन्तर्राष्ट्रिय सबै शक्तिलाई मनोवाँछित राजनीतिक फाइदा लिन अनुकूल अवसर प्रदान गरेको छ ।

नेपाली राजनीतिमा अप्रत्याशित र चमत्कारी घटनाहरु घटेको प्रशस्त उदाहरणहरु पाइन्छ । कुनै कुनै बेला राष्ट्रवादको स्वाभिमानी आवाज गगन चर्कने गरि उठ्छ । कुनै बेला आत्मसमर्पणको निरीहता पनि शर्मनाक किसिमले प्रदर्शित हुन्छ । शक्तिमा हुनेले जेपनि गर्दा हुने भन्ने धारणाका आधारमा ओलीले पनि संसद विघटन गर्ने अभ्यास गरेका छन् । कानूनबाट मिले नमिलेको कुरा अब अदालतले मिलाउनेप्रति ओली पूर्ण विश्वस्त देखिन्छ ।

जानी-जानी पार्टी विभाजन गरेर कमजोर हुने, बहुमत नरहेको आफ्नो नयाँ फुच्चे पार्टीको अध्यक्ष भएर बस्नु, प्रदेशमा भएका आफ्ना समर्थक मुख्यमन्त्रीहरु धरापमा पर्नु, आदि ओलीका लागि पच्ने विषय होइन । अहिले ओली निरीह, कमजोर देखिए पनि यस्तै अवस्थामा बस्ने ओलीको स्वभाव नरहेकोले पक्कै पनि केही रहस्यका कुराहरु छन् जो सबैको आँकलनभन्दा बाहिर छ । "मलाई माइनस गर्ने राधाकृष्ण मैनाली र सीपी मैनाली अहिले कहाँ छन्" भन्ने गरेको ओलीले आफ्नो गोप्य रणनीतिमा के के कुरा लुकाएको छ कसैलाई थाहा छैन ।

असंवैधानिक रुपमा संसद विघटन, पार्टीको रुपमा आफ्नो गुटको अभ्यास कानूनबमोजिम नरहेको ओली बुझ्दैन ? तर पनि गरिरहेको असंवैधानिक अभ्यासभित्र ठूलो भुँईचालो लुकेको आभास महसूस गरिने कुरा हो । विकसित हुने राजनीतिक घटनाक्रमलाई बुझ्न नसक्ने अवस्थामा "ग्राण्ड डिजाईन"भनेर ठूलो बुझक्कड बन्ने चलन नेपाली राजनीतिमा पहिलेदेखि चल्दै आएको छ । अझै केही घटनाहरु सतहमा आएपछि सम्भवत: त्यो शब्द प्रयोगमा आउला । तर विकसित भइरहेको घटनाक्रम परिस्थितिवश भएको भन्न सकिदैन ।

नेकपाको शक्तिशाली सरकारको शर्मनाक असफलताको प्रमुख कारण प्रधानमन्त्रीको स्वेच्छाचारी अहंकार हो । ओली सरकारको पतनले जनताको ठूलो आशलाई मारेको छ । स्थिर सरकारले केही गर्न नसकेपछि लडखडाउने सरकारलाई के आश गर्न सकिन्छ । जनतामा कम्युनिष्ट प्रभाव विस्तारै विस्थापित हुने क्रम शुरु हुनेछ । कम्युनिष्टप्रति रहेको जन विश्वासमा ह्रास आउने छ । दुईतिहाईको शक्तिशाली सरकार बनाउन अवसर प्रदान गरेको राष्ट्रवादी भनिने शक्ति पनि ओलीको शर्मनाक क्रियाकलापबाट पछुतो मान्दै होला र भविष्यमा पुनश्च: यस्तो गल्तीको पुनरावृति नगर्ने कसम खाँदो होला । राजनीति सामान्य ढंगले चुनावसम्म गयो भने कम्युनिष्टले बहुमत पाउन कठीन छ ।

प्रतिनिधिसभा पुनर्स्थापित भएन, चुनावसम्म सामान्य रुपमा राजनीतिले जान दिएन भने देश अर्को कोर्समा जाने सम्भावनालाई नकार्न सकिदैन । यसको सारा कलंक नेकपामाथि जाने प्रष्ट छ । चुनावभन्दा धैरै अगाडि जाने ओलीको प्लानिङ्ग छ भने त्यो नेपालको ठूलो दुर्भाग्य हुनेछ । नेकपाको यहींबाट नेपाली राजनीतिमा पतन हुने क्रम शुरु हुनेछ ।

ओलीले चालेको दाव उपलब्धीमूलक हो भने त समयले ओलीलाई हिरो बनाउँछ । यदि यस घटनाबाट राजनीति प्रतिगमनतिर गयो भने यसको प्रमुख दोषी ओली सरकार र नेकपा हुनेछ । नेपाली राजनीतिलाई जानी-जानी प्रतिगमनमा पठाउने कम्युनिष्ट नेता र नेपाल कम्युनिष्ट पार्टी नेपालको राजनीतिक इतिहासमा ठूलो कलंकको रुपमा अंकित हुनेछ ।

janukjha24@gmail.com

## प्रधानमन्त्रीको...

कहीं कतै उल्लेख नै छैन । जुन प्रक्रियाअनुसार विघटन गर्नुपर्ने हो त्यो समय नै आएको छैन । न कुनै अनिकाल आएको छ, न त विश्वासको मत नै दर्ता भएको छ । त्यसैले कुन कारणले विघटन गर्ने भन्ने कुरा त अन्योलमा छ । 'नेपालको कानून दैवले जानून' भने जस्तै यिनीहरु गरिरहेका छन् । यसमा सर्वोच्च अदालतले के गर्छ वा गर्दैन भन्ने कुरामा निर्भर छ । सर्वोच्च अदालतमा पनि पार्टीको कोटाअनुसार राखेका छन् । त्यसबाट के अपेक्षा गर्न सकिन्छ त ? तैपनि विकल्प पनि छैन । सर्वोच्चमाथि आशा त गर्नैपर्छ ।

प्रधानमन्त्रीसँग अरु उपाय नै छैन, अन्य कुनै बहाना नै छैन । यी सब कुरा लाज पचाउने कुरा मात्रै हो । ताजा जनादेश नै आवश्यक थियो भने संसदको आयु पाँच किन तोकेको हो ? एक-एक वर्षका लागि चुनाव गरिदिएको भए भइहाल्थ्यो नि । संसदको आयु पाँच वर्ष तोक्ने केही कारण त होला नि । अब जस-जसलाई चित बुझेन उसले संसद भंग गरिदियो भने त्यसको कुनै मतलबै भएन । आफ्नो घर झगडाका कारणले छिमेकीको घर जलाइदिने ? यदि अविश्वासको प्रस्ताव प्रक्रियागतरुपमा आएको छ भने सामना गर्नुपर्दथ्यो । त्यसमा यदि आफू सफल हुन नसकेको भए त्यसपछि त्यो बाटो रोज्नुपर्दथ्यो । त्यसरी गएको भए एउटा तर्कपूर्ण कुरा हुन्थ्यो । तर अविश्वासको प्रस्ताव प्रक्रियागत रुपमा आएको छ कि छैन, उहाँले सामना गर्न सक्नु हुन्छ कि हुन्न भन्ने कुराहरु नहेरिकन आफ्नो फेस ल्याण्डिङ्गका लागि यसरी भाग्नु राम्रो होइन ।

संसद विघटनमा बाहिरी दबाब होला जस्तो लाग्दैन । आन्तरिक कारणले नै संसद विघटन गर्नुपरेको कुरा उहाँ आफैले भनिहाल्नुभयो । जब उहाँको आफ्नो आन्तरिक कारणले विघटन गर्नुभएको छ भने अरु दोष दिएर त हुँदैन नि । यदि तपाइँको पार्टीमा कसैले बदमासी गरेको छ भने पार्टी कानूनअनुसार कारबाही गर्नुस्, त्यो त तपाइँको आन्तरिक कुरा भयो ।

इमान्दारीका साथ भन्ने हो भने विपक्षीसँग ताकत नै छैन । संख्यात्मक दृष्टिकोणले हेर्ने हो भने यति धेरै कम संख्या कि विपक्षीले केही गर्नै सक्दैन । आफ्नो आन्तरिक कुरा मिलाउन नसक्ने तर चौतर्फी घेराबन्दीमा परें, मलाई हटाउन खोज्यो लगायतका कुरा गर्नु केटाकेटीको कुरा हो । उहाँलाई कसले काम गर्न नदिएको हो ? जनतामा अलिकति पनि सन्तुष्टि छैन । कोरोनाको महामारी थियो, तर आफ्नै आन्तरिक विवादमा लागिरह्यो । उहाँको कार्यले आफ्नै पार्टीका मान्छेहरु सन्तुष्ट देखिएनन् । त्यसकारणले यो सब बहानाबाजी हो कि मलाई घेराबन्दीमा गरे ।

अध्यादेश ल्याउनु सरकारको कुरा हो । सरकारलाई गाह्रो-साह्रो पऱ्यो उसले अध्यादेश वा विधेयक ल्यायो । सरकारले जे सिफारिस गरेर पठाउँछ, त्यसलाई राष्ट्रपतिले स्वीकृत गर्ने हो । यसबाहेक राष्ट्रपतिको कुनै अधिकार नै छैन । हाम्रो देशमा अलंकारिक राष्ट्रपति मात्रै हो । सरकारले जे गर्छ त्यसमा छाप लगाउने बाहेक अन्य कामै छैन राष्ट्रपतिको । त्यसैले राष्ट्रपतिलाई दोष दिनु उचित होइन । कुनै गतिविधि गर्ने राष्ट्रपतिको क्षेत्रै छैन नि । राष्ट्रपतिले एकचोटि पुनर्विचार गर्ने हो कि भन्ने मात्रै हो । नबुझ्नेहरुले मात्रै राष्ट्रपति मुछ्ने गरेका छन् । त्यसकारणले राष्ट्रपतिको भूमिकामाथि प्रश्न उठाउनुपर्ने कारण छैन । निरीह प्राणीजस्तै अहिले राष्ट्रपति हुनुहुन्छ । डा.रामवरण यादवले आफ्नो पालाको सम्झनुभएको होला ।

विगतका केही अभ्यासहरुलाई हामीले अध्ययन गर्ने हो भने सर्वोच्च न्यायाधीशहरु पनि तीन किसिमका छन् । माओवादी, एमालेले र कांग्रेसले आआफ्नो कोटाअनुसार सर्वोच्चमा न्यायाधीशहरु राखेका छन् । भनेपछि न्यायाधीशहरु त त्यहीं पक्षका हुन् । अब यी तीनटै पक्षमध्ये कसको बहुमत पुग्छ, त्यसमा भर पर्छ । किनभने कुनै एकल इजलासले यस विषयमा निर्णय गर्न मिल्दैन । यदि न्यायाधीशहरुले विवेकपूर्ण र संविधानको व्यवस्थाअनुसार गर्ने हो भने त संसद पुनर्बहाली हुनसक्छ । तर कोटामा न्यायाधीशहरु नियुक्त भएकाले के हुन्छ भन्न सकिन्न ।

कानूनत: अहिलेको अवस्थामा संसद विघटन गर्नुपर्ने कारण थिएन । यदि निष्पक्षताका साथ सर्वोच्चले फैसला गर्ने हो भने संसद विघटनलाई बदर गर्नुपर्ने हो । सर्वोच्चले चाहयो भने संसदलाई पुनर्बहाली गर्न सक्छ । किनभने यस्ता नजीरहरु पनि छन् । सबभन्दा ठूलो कुरो संसद भंग गर्नुपर्ने आवश्यकता नै थिएन ।

अन्त्यमा निर्वाचनमै जानुपर्ने हो, अन्य कुनै विकल्प पनि छैन । कुकुरलाई घ्यू पच्दैन भन्नेझैं नेपालमा दुई तिहाइ कसैलाई पच्दोरहेनछ ।

*(श्रीवास्तव जसपाका नेता तथा विघटित प्रतिनिधिसभाका सदस्य हुन् ।)*

# संविधानत: राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिस मान्नुपर्ने बाध्यात्मक अवस्था छ



**देवेश झा**
**राजनीतिक विश्लेषक**

राष्ट्रपतिले प्रधानमन्त्रीद्वारा गरिएको सिफारिसलाई केही मिनेटमै वा घन्टमै स्वीकृत गरिदिनु हुन्छ भन्ने आरोप लाग्ने गरेको छ। एउटा कुरा बुझ्न सकिएको छैन कि कति समयपछि राष्ट्रपति स्वीकृत गर्दा विवाद नहुने हो ?

**० अकस्मात भएको प्रतिनिधिसभा विघटनलाई कसरी हेर्नुभएको छ ?**

– संसद विघटन गम्भीर संवैधानिक संकटतर्फ उन्मुख भएको छ। समाचारहरुलाई घडीको सुईको आधारमा विश्लेषण गर्नुपर्ने अवस्था छ। अस्ति भीम रावल र पम्फा भुसालले राष्ट्रपति भवनमा गएर संसदको विशेष बैठक बोलाउन आह्वान गर्ने प्रस्ताव दर्ता गराउन खोजेका थिए। त्यसमा ८०-८५ जना सांसदको हस्ताक्षर रहेको बुझिएको छ। त्यो कागजलाई आइतबार अविश्वास प्रस्तावमा परिणत गरेर संसद सचिवालयमा दर्ता गराइएको छ। एउटा पक्षको दाबी के छ भने संसदमा अविश्वासको प्रस्ताव दर्ता भएपछि प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गरेको हो। तर अर्को पक्षको भनाइ के छ भने संसद विघटनको सिफारिस स्वीकृत भएपछि सभामुखलाई आफ्नो प्रभावमा पारेर अविश्वासको प्रस्ताव दर्ता गराइएको हो। त्यसैले यो एउटा गम्भीर संवैधानिक विषयको उठान भएको छ। यसको निरुपण स्वाभाविकरुपमा सर्वोच्च अदालतबाट हुने हो। तर मैले यसलाई गम्भीर संवैधानिक संकटको रुपमा देखेको छु।

**० राष्ट्रपतिले स्वीकृत गरेको संसद विघटनलाई सर्वोच्च अदालतले पुनर्बहाली गर्न सक्छ ?**

– सर्वोच्च अदालतले योभन्दा पहिले संसद भंग गरिएको दुईपटक तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा विघटन गरिएको संसदलाई एकपटक सदर गरिएको थियो भने अर्को पटक बदर गरिएको थियो। हुन त त्यसमा फरक के देखिन्छ भने गिरिजाप्रसाद कोइरालाको समयमा सदर गर्दा तत्कालीन संसदमा कोइरालाको विश्वास मतमा आफ्नै पार्टीका ३६ जना सांसद अनुपस्थित भएर सरकार ढल्दा गिरिजाप्रसाद कोइरालाले संसद विघटन गराएका थिए र संसदमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीको रुपमा कायम रहेको र बहुमत दलको नेता भएकोले त्यस प्रस्तावलाई तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ प्रसाद उपाध्यायको इजलासले सहमति जनाएको थियो। पछि त्यहीं प्रकारले मनमोहन अधिकारीको अल्पमतको सरकारले संसद विघटन गर्न खोज्दा अल्पमतको सरकार भएकोले एकल पार्टीको बहुमत नभएको नजिर देखाउँदै सर्वोच्च अदालतले संसदको विघटन सिफारिसलाई संसदबाट सरकार बन्ने सम्भावना रहेसम्म स्वीकार गर्न नमिल्ने भन्दै त्यसलाई खारेज गरेको थियो। त्यसैले हामीसँग यी दुइटै नजिर छ। यसको निरुपण त स्वाभाविकरुपमा सर्वोच्च अदालतमै जान्छ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीले सर्वोच्चलाई विश्वासमा लिएर संसद विघटनको सिफारिस गरेको हुन सक्छ कि ?**

– सर्वोच्च अदालतलाई विश्वासमा लिएर प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गरेको कुरा हामीले अड्कलबाजी मात्रै गर्न सक्छौं। कुनै न्यायाधीशसँग व्यक्तिगत तवरमा प्रधानमन्त्रीले सल्लाह सुझाव गरेको हुन सक्छ होला। त्यसको तात्विक अर्थ हुँदैन। किनभने जब बहस प्रक्रिया हुँदा त्यतिबेला विभिन्न कुराहरु प्रवेश गर्छन् र न्यायले आफ्नो प्रक्रिया लिन्छ र न्याय निरुपण हुन्छ। खुमलटारमा असन्तुष्ट नेताहरुको बैठकले संवैधानिक र राजनीतिक कदम चाल्ने छौं भन्ने जुन निर्णय गरेको छ, त्यो संवैधानिक कदम भनेकै सर्वोच्चमा जाने हो। राजनीतिक कदमको रुपमा सभामुखद्वारा अनौपचारिक संसदको बैठक बोलाउन सकिन्छ। किनभने राष्ट्रपतिद्वारा संसद भंग गरिसकेको अवस्थामा संसद पद कायम रहेको मानिदैन, पुनर्बहाली नभएसम्म। त्यसैले सभामुखले बोलाउँदैमा कानूनत: त्यो सक्रिय हुँदैन। यता, संवैधानिक प्रक्रियामा प्रवेश गर्ने जुन निर्णय गरेको छ, त्यसले के देखाउँछ भने उनीहरुले कुनै न कुनै तरिकाले रिट दायर गरेर सर्वोच्चमा प्रवेश गर्छ र यसको निरुपण सर्वोच्चबाटै हुन्छ।

**० कुनै पनि विधेयक वा प्रस्ताव राष्ट्रपति निवास पुग्दा राष्ट्रपतिले हतारमा स्वीकृत गर्ने गरेको आरोपहरू लाग्दै आएको छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– दुई तीन दिन पहिला कांग्रेस सभापति शेरबहादुर देउवाले गरेको ट्वीटतर्फ ध्यानाकर्षण गराउन चाहन्छु। विवादको रुपमा के आयो भने प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले संसदको बैठक आह्वान गर्न किन खोजेको देखिँदैन। यस विषयमा उहाँले ट्वीट गरेर भन्नुभयो कि कांग्रेससँग कोरम पुऱ्याउनका लागि २५ प्रतिशत सदस्य नभएकोले अन्य दलको सहमति नभएसम्म हामी बैठक बोलाउन सक्दैनौं। उहाँको यही कुरालाई जवाफ दिनका लागि जसपा अध्यक्ष महन्थ ठाकुर, पार्टीका नेता डा.बाबुराम भट्टराई र राजेन्द्र महतोलाई साक्षी राखेर देउवाको निवासमै गएर समर्थन जनाउनुभएको हो। देउवाजीले गरेको ट्वीटको प्रतिउत्तर मात्रै थियो। एकल बहुमत प्राप्त पार्टीको नेता वर्तमान प्रधानमन्त्री हुनुहुन्छ। एकल बहुमतमा पनि उहाँ झण्डै दुई तिहाइ बहुमत दलको नेता हुनुहुन्छ। त्यस हैसियतमा राष्ट्रपतिले धेरै बहस गर्नुपर्ने ठाउँ छैन। हाम्रो संविधानमा राष्ट्रपतिको भूमिका अलंकारिक मात्रै राखिएको छ। राष्ट्रपतिले प्रधानमन्त्रीद्वारा गरिएको सिफारिसलाई केही मिनेटमै वा घन्टमै स्वीकृत गरिदिनु हुन्छ भन्ने आरोप लाग्ने गरेको छ। एउटा कुरा बुझ्न सकिएको छैन कि कति समयपछि राष्ट्रपति स्वीकृत गर्दा विवाद नहुने हो ? राष्ट्रपतिले अन्य दलसँग पनि छलफल गर्नुपर्ने थियो भन्ने कुराहरु पनि आउँछन्। तर अन्य दलसँग संसद बैठक आह्वान गर्नेसम्मको संख्या छैन। त्यो अवस्थामा राष्ट्रपतिले अन्य दलसँग परामर्श गर्नुको औचित्य नहोला। त्यसैले संविधानले परिकल्पना गरेको कुराअनुसार राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिस मान्नुपर्ने बाध्यात्मक अवस्था छ।

**० संसद विघटन भइसकेपछि प्रतिपक्षी दलहरू कांग्रेस र जसपाको कस्तो भूमिका हुनुपर्ने हो ?**

– जसपाले विज्ञप्ति जारी गरेरै विरोध जनाइसकेको छ। नेपाली कांग्रेसको तर्फबाट अहिलेसम्म औपचारिकरुपमा कुनै विज्ञप्ति आएको छैन। नेताहरुको भनाइहरु आइरहेका छन् कि यो ठिक भएन। ठिक भएन भन्ने कुरामा त सबै सहमत छन्। संसदले आफ्नो कार्यकाल पूरा नगरिकन विघटन हुनु सुखद मान्न सकिँदैन। यसलाई कसैले पनि राम्रो भन्दैन। तर राम्रो नराम्रो भन्दा पनि यो बहस संविधानत: हो कि होइन भन्नेमा मात्रै प्रवेश गर्ने हो। यसको भावनात्मक पक्षभन्दा पनि कानूनी पक्षमा बढी चर्चा हुनुपर्छ र त्यसको निरुपण सर्वोच्चबाट हुने हो।

**० भनेपछि संसद विघटन संविधानत: हो कि होइन ?**

– यस विषयको निरुपण सर्वोच्च बाहेक अरु कसैले पनि गर्न सक्दैन। अरुले आफ्नो धारणा मात्रै राख्ने हो, सामाजिक सञ्जालमा बहस मात्रै गर्ने हो। यो विषय सर्वोच्चमा प्रवेश गर्छ नै र त्यहाँ बृहतपूर्ण इजलासबाट यसको निरुपण गरिन्छ भन्ने कुरामा म प्रष्टै छु। त्यसैले अहिले पर्खौं, आत्तिनुपर्ने कुनै कारण छैन।

**० प्रतिनिधिसभाको निर्वाचन मिति पनि तोकिएको छ, यही सरकारले निर्वाचन गराउन सक्छ ?**

– संविधानत: यही सरकारले चुनाव गराउने हो। संविधानमा अन्य व्यवस्था छैन। वर्तमान परिस्थिति जुन उत्पन्न भएको छ, यही स्थिति रहेमा यही सरकारले निर्वाचन गराउँछ।

**० अहिले घटनाक्रमले नेकपामा कतिको असर गर्छ ?**

– यो विषय अलिकति जटिल छ कि नेकपालाई कति असर गर्छ। अहिलेसम्म दुवै पक्षले एकअर्कालाई दोषारोपण गरिरहेको छ। भोली गएर पार्टी फुट्न पनि सक्छ। ओरिजिनल झण्डा, चुनाव चिन्हको विषयमा पनि विवाद होला। यो कुरा भविष्यमा निर्धारण हुने कुरो हो। तर अहिलेसम्म पार्टी फोड्ने दिशामा कुनै स्टेटमेन्ट आएको छैन।

> संविधानत: यही सरकारले चुनाव गराउने हो। संविधानमा अन्य व्यवस्था छैन। वर्तमान परिस्थिति जुन उत्पन्न भएको छ, यही स्थिति रहेमा यही सरकारले निर्वाचन गराउँछ।

# निर्वाचन गराउने प्रधानमन्त्रीको नियतै छैन

प्रधानमन्त्रीले धारा ८५ को उल्लेख गर्नुभएको छ। त्यो धाराले त झन् संसद विघटन हुनै सक्दैन। किनभने त्यसले संसदको निश्चित कार्यकाल तोकेको छ।



**दिनेश त्रिपाठी**
**वरिष्ठ अधिवक्ता**

**० संसद विघटनविरूद्धका रिटहरूमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन मानेन्, यसलाई कसरी हेर्नुहुन्छ ?**

– संसद विघटनविरुद्धका रिटहरुमा सर्वोच्चले अदालतले अन्तरिम आदेश इन्कार गरेको छैन। केही मान्छेहरुले नबुझेर सर्वोच्चले अन्तरिम आदेश गरेन भन्ने किसिम भ्रम फैलाए। बुधबार बिहान साढे ११ बजे प्रधानन्यायाधीशको आफ्नै इजलासमा सुनुवाई सुरु भयो। उहाँले करिब डेढ घन्टासम्म बहस सुन्नुभयो। त्यसपछि उहाँले यसलाई संवैधानिक इजलासमा पठाउनुपर्ने स्थिति देखियो भनेर भन्नुभयो। संवैधानिक इजलासमा मुद्दा पठाउनु पर्ने संवैधानिक कारण छ।

**० मुद्दालाई संवैधानिक इजलासमा पठाउनुपर्ने कारण के छ त ?**

– संविधानको दुईटा कुराले संवैधानिक इजलासमा कुनै पनि मुद्दा जान सक्छ। पहिलो कुरा दर्ता गर्दाखेरि नै संवैधानिक इजलासमा जान्छ। संविधानसँग यदि कुनै कानून बाझिएको हो भने त्यो विषयमा यदि रिट परेको छ भने त्यो सिधै संवैधानिक इजलासमै जान्छ। तर संविधानको गम्भीर व्याख्या गर्नुपर्ने प्रश्न विद्यमान छ भने त्यो मुद्दा संवैधानिक इजलासमा जान्छ। त्यसमा प्रधानन्यायाधीश आफैले पनि वा सुनुवाई गर्ने न्यायाधीशले पनि यसलाई संवैधानिक इजलासमै निर्क्योल गऱ्यो भने राम्रो हुन्छ भन्ने लाग्यो भने संवैधानिक इजलासमा रेफर हुनसक्छ। यो अब संवैधानिक इजलासमा रेफर भयो अर्थात बुधबार कुनै फैसला भएन। संवैधानिक इजलासमा पठाइनु पनि सकारात्मक हो। किनभने यसमा संविधानको एउटा गम्भीर प्रश्नको व्याख्या गर्ने अवस्था विद्यमान छ। हाम्रो रिट निवेदनको ग्राभिटीलाई ध्यानमा राख्दाखेरि यसलाई संवैधानिक इजलासमा सुनुवाई भयो भने यसको निकास आउनेछ। यो मुद्दा चानचुने होइन। किनभने यहाँ संविधानका धाराहरुको व्याख्याको गम्भीर प्रश्न छ, तिनीहरुको अन्तर सम्बन्धको प्रश्न छ।

**० अहिलेका प्रधानमन्त्रीलाई संसद विघटन गर्ने विशेषाधिकार प्रदान गरेको छ कि छैन ?**

– हाम्रो दाबी के छ भने अहिलेको संविधानले प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार परिकल्पनै छैन। अपवादको रुपमा मात्रै एउटा धारा राखिएको छ। त्यो धारा के छ भने जब संसदले सबै विकल्प समाप्त गरिसकेपछि पनि यदि सरकार बनाउन सकेन भने त्यो एउटा अत्यन्त अपवादात्मकरुपमा मात्रै संसद विघटन हुन्छ। अहिलेको हामो प्रधानमन्त्री भनेको धारा ७६ को उपधारा १ को हुन्। प्रधानमन्त्रीले संविधानको कपटपूर्ण प्रयोग गर्नुभएको छ, संविधानमाथि विश्वासघात गरिएको छ, संविधानलाई क्षतविक्षत गरिएको छ। प्रधानमन्त्रीले आफूसँग हुँदै नभएको अधिकार प्रयोग गर्न खोज्नुभयो। उहाँले धारा ८५ को उल्लेख गर्नुभएको छ। त्यो धाराले त झन् संसद विघटन हुनै सक्दैन। किनभने त्यसले संसदको निश्चित कार्यकाल तोकेको छ। पहिलो कुरा त संविधानबमोजिम मात्रै प्रतिनिधिसभा विघटन हुनसक्छ। संसद विघटन भनेको धारा ७६ को १ र ७ ले परिकल्पना गरेको छ, त्यसका सबै विकल्प समाप्त भएको हुनुपर्छ। भनेपछि अहिलेको संविधानले संसद विघटनलाई प्राय: असम्भव बनाएको छ।

**० तर प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव दर्ता भइसकेको थियो नि ?**

– प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएपछि त्यसको सामना गर्ने हो, संसद नै विघटन गर्ने होइन। त्यसकारणले यो एउटा गम्भीर मुद्दा छ। बुधबारको बहसमा मैले केही महत्वपूर्ण बुँदाहरु उठाएको थिएँ। पहिलो कुरा बैशाखमा चुनाव गराउनका लागि यो प्रतिनिधिसभा विघटन गरिएको होइन। चुनाव गराउने नियत प्रधानमन्त्रीको छैन, बदनियत देखिन्छ।

**० चुनाव नगर्ने कुरा कसरी बदनियतपूर्ण छ ?**

– संसद विघटनको सिफारिस लिएर जाने प्रधानमन्त्रीले आफ्नो राजीनामा दिन्छ, उहाँले राजीनामा दिनुभएको छैन। संसद भंग भइसक्यो तर उहाँ फुलफ्लेज प्रधानमन्त्री हुनुहुन्छ। वास्तवमा जब संसद विघटन हुन्छ त्यसपछि प्रधानमन्त्री एउटा काम चलाउको रुपमा परिणत हुन्छ। राष्ट्राध्यक्षको कार्यालयबाट त्यस किसिमको विज्ञप्ति पनि निकालिन्छ कि अर्को व्यवस्था नहुन्जेलका लागि अहिलेको सरकारलाई कामकाज गर्ने जिम्मा दिइन्छ। भनेपछि यो प्रतिनिधिसभाको विघटन होइन, संविधानको विघटन हो। संविधान विघटनको प्रक्रिया सुरु भइसक्यो। प्रधानमन्त्रीले संसद भंग गर्नुभयो तर उहाँ आफू फुलफ्लेज प्रधानमन्त्री हुनुभो। त्यसकारणले उहाँ चुनाव गराउनु हुन्न। लेखेर राख्नुहोला बैशाखमा कुनै चुनाव हुँदैन।

**० प्रधानमन्त्रीले संकटकाल घोषणा गर्न सक्नुहुन्छ त ?**

– प्रधानमन्त्रीले जे पनि गर्न सक्नुहुन्छ। किनभने उहाँसँग नैतिकता र विवेक नै छैन। संविधानलाई त उहाँले ध्वस्त गरिसक्नुभो। उहाँले कपटपूर्ण तरिकाले हुँदै नभएको धारा प्रयोग गर्नुभएको छ। धारा ७६ को १ प्रयोग गर्नुभएको छ, संसद विघटनको त्यो धारा होइन। त्यो बहुमतीय सरकार गठनको धारा हो। भोली उहाँले कुनै अनहोनी खालको घोषणा गरिदिनु होला भन्ने आश्चर्यको कुरा हुँदैन किनभने उहाँलाई संविधानसँग कुनै मतलब छैन।

**० कस्तो अवस्थामा संकटकाल घोषणा गरिन्छ ?**

– मुलुकको सार्वभौमसत्ता, अखण्डता, सशस्त्र विद्रोह लगायतको अवस्थामा संकटकाल लाग्न सक्छ। खासगरी मुलुकलाई संकट लागेको बेला संकटकाल लाग्ने हो। उहाँको कुर्सी संकटमा पऱ्यो, उहाँको पार्टीभित्र झगडा पऱ्यो, पार्टीले उहाँलाई निकाल्यो भन्ने आधारमा संकटकाल लगाउन पाइँदैन। तर उहाँलाई कुनै कुराले छेक्दैन। उहाँको कार्यशैलीले नेपालमा अधिनायकवादको उदय भइसकेको छ, सर्वसत्तावादको उदय भइसकेको छ। उहाँले चुनाव गराउनु हुन्न, त्यसकारण उहाँले संकटकाल लगाउन सक्नुहुन्छ। किनभने उहाँको विरोध हुन थालेका छन्, मिडियादेखि बुद्धिजीबीहरुले विरोध गर्न थालेका छन्। त्यसकारण जनताको आवाज बन्द गर्नका लागि उहाँले संकटकाल लगाउनुहुन्छ र सबै सञ्चार गृहहरुमा सैनिक पठाउनु हुन्छ जसरी ज्ञानेन्द्रले पठाएका थिए।

**० संकटकालको गृहकार्य भइरहेको छ त ?**

– संकटकाल लगाउन प्रधानमन्त्रीले गृहकार्य गरिरहनु भएको छ। किनभने उहाँले निरन्तर सुरक्षा निकायका प्रमुखहरुसँग भेट गरिरहनुभएको छ। संकटकाल लागू भइसकेपछि नागरिकका सबै अधिकार निलम्बित हुन्छन्। संविधानले काम गर्दैन, मौलिक हक निलम्बित हुन्छ। त्यसकारणले यस्तो खालको खतरनाक गेमप्लानमा उहाँ हुनुहुन्छ।

**० राष्ट्रपतिको भूमिकालाई कसरी हेर्नुहुन्छ ?**

– साँचिकै भन्ने हो भने राष्ट्रपतिले त आफ्नो सबै संवैधानिक मर्यादालाई तोडिसक्नुभएको छ र संवैधानिक भूमिकाबाट च्यूत भइसक्नुभएको छ। संविधानले उहाँलाई संविधानको पालनकर्ता, संरक्षणकर्ताको रुपमा धेरै ठूलो संवैधानिक जिम्मेवारी दिएको छ। तर त्यो भूमिकालाई उहाँले तिलाञ्जली दिइसक्नुभयो। अब त राष्ट्रपति महोदय साँचिकै भन्ने हो भने केपी गिरोहको सचिवालयजस्तो रुपान्तरण भइसक्नुभएको छ। उहाँसँग संविधानको कुनै भिजन छैन। त्यसकारणले संकटकालको सिफारिस यदि प्रधानमन्त्री ओलीले लिएर जानुभयो भने त्यो पनि उहाँले स्वीकृत गरिदिनु हुन्छ। जस्तोसुकै अनहोनी कुरा लिएर गयो भने उहाँले त्यसलाई स्वीकृत गरिदिनु हुन्छ। भनेपछि राष्ट्राध्यक्षको जुन भूमिका हाम्रो संविधानले परिकल्पना गरेको छ, त्यो भूमिका निर्वाह गर्न सक्नुभएन।

**० तर राष्ट्रपति त अलंकारिक मात्रै हो नि ?**

– अलंकारिक वा जे भएपनि उहाँले प्रधानमन्त्रीको संविधानसम्मत सिफारिसलाई मान्ने हो। असंवैधानिक सिफारिसलाई उहाँले खारेज गर्नुपर्छ। किनभने संविधानले उहाँलाई संविधानको संरक्षणकर्ता पालनकर्ताको रुपमा परिकल्पना गरेको छ। प्रधानमन्त्री र राष्ट्रपति दुवैको मिलेमतोमा संविधान विघटनको यात्रा सुरु भएको छ। भनेपछि हामी धेरै कठिन परिस्थितिमा छौं। वास्तवमा भन्ने हो भने मुलुक अब त संविधानविहीनताको अवस्थामा गइसक्यो। आठ वर्ष लगाएर संविधान बनाउने, त्यसको आयु जम्मा तीन वर्षमै सिध्याइयो।

**० सर्वोच्च अदालतले संसद विघटनलाई बदर गर्न सक्दैन ?**

– सर्वोच्च अदालतको परिकल्पना नै यसकारण गरियो कि संविधानको एउटा व्याख्याकर्ता हो। किनभने राज्यका कुनै पनि निकाय वा पदाधिकारीले संविधानलाई मिचेर यदि कुनै कार्य गर्छन् भने सर्वोच्च अदालतको भूमिका नै हो कि त्यस्ता कार्यलाई बदर गर्ने। सरकारले गरेका सबै असंवैधानिक कार्यहरुलाई यदि सर्वोच्च अदालतले सदर गर्दै जाने हो भने सर्वोच्च अदालतको औचित्य नै समाप्त हुन्छ।

**० सर्वोच्चले संसदलाई पुनर्बहाली गर्ने सम्भावना कतिको छ ?**

– संविधानलाई बचाउने गम्भीर र ऐतिहासिक दायित्व सर्वोच्च अदालतमा आइपुगेको छ। अहिले राष्ट्रको ध्यान यो सर्वोच्च अदालतमा छ। त्यसकारणले अदालतले आफ्नो संवैधानिक भूमिका र कर्तव्य निर्वाह गर्नुपऱ्यो। सर्वोच्च अदालत भनेको कानून र संविधानको अन्तिम व्याख्याता पनि हो। सर्वोच्चले पनि संविधानको रक्षा गरेन भने कसले गर्ने ?

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

> प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएपछि त्यसको सामना गर्ने हो, संसद नै विघटन गर्ने होइन।

# प्रधानमन्त्री केपी शर्मा ओलीले देशवासीका नाममा गरेको सम्बोधनको पूर्णपाठ



आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

१. निर्धारित समयभन्दा डेढ वर्ष अगावै ताजा जनादेशका निम्ति जनता समक्ष जानु पर्ने अवस्था सिर्जना होला भन्ने अनुमान हामी कसैलाई पनि थिएन। २०७४ साल मङ्सिरमा सम्पन्न आम निर्वाचनको जनादेश राजनीतिक स्थायित्वको पक्षमा थियो। तर जनादेश र जनभावना विपरीत राष्ट्रिय राजनीतिलाई अन्त्यहीन एवं अर्थहीन विवादमा अल्झाएर गतिरोध सिर्जना गरिएपछि, संसदलाई अर्थहीन तुल्याइएपछि र जननिर्वाचित सरकारलाई असहयोग, विरोध र घेराबन्दीमा पुऱ्याइएपछि मेरा सामु सार्वभौम जनतासमक्ष जानुको विकल्प रहेन। त्यसैले जनता समक्ष प्रस्तुत गर्ने निष्कर्ष अनुरुप हिजो २०७७ साल पुस ५ गते प्रतिनिधिसभाको विघटन गरेर आगामी २०७८ साल बैशाखमा नयाँ निर्वाचन गर्ने निर्णय गरिएको व्यहोरा म निवेदन गर्न चाहन्छु।

२. सतहमा हेर्दा हिजो विकसित घटनाक्रम अप्रत्यासित र आकस्मिक जस्तो देखिएता पनि यो परिस्थिति लामो समयदेखि राष्ट्रिय राजनीति र मूलत: सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केही नेताहरुका असङ्गत, विकृत र जनअपेक्षा विपरीतका गतिविधिहरुद्वारा सिर्जना भएको हो। २०७४ साल असोज १७ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) बीच वाम गठबन्धन बनाएर निर्वाचन लड्ने र निर्वाचन लगत्तै पार्टी एकता गर्ने उद्घोष गरिएको थियो। यो निर्णय आम निर्वाचनमार्फत् आम जनताद्वारा स्पष्ट रुपमा अनुमोदन भएको थियो। तर निर्वाचनपश्चात् राष्ट्रिय राजनीतिलाई जनअपेक्षा अनुरुप अगाडि बढ्न नदिने विभिन्न विसङ्गत गतिविधि सुरु भए। सुरुमा सरकार गठनमा विलम्ब गराउने र जनादेश विपरीत अन्त्यहीन बार्गेनिङ र दबाबमा राष्ट्रिय राजनीतिलाई अल्झाउने त्यतिबेलाका गतिविधिहरु तपाईँहरुको सम्झनामा ताजै छन् भन्ने ठान्दछु।

३. वाधाहरु पन्छाउँदै सरकार गठन भयो र सरकारले जनअपेक्षा अनुरुप काम गर्न पनि सुरु गऱ्यो। त्यसपछि केही नेताहरुद्वारा निरन्तर रुपमा अस्थिरताका सन्देश र प्रयाश जारी रहे। सरकार गठनको एक वर्ष नपुग्दै कुनै नेताले मुलुकबाहिर गएर अस्थिरताको सन्देश छर्नुभयो भने कुनै नेताले प्रधानमन्त्री मुलुकमा नभएको मौका पारेर देश डुब्न लाग्यो भन्दै बँचाउन माझी गुहार्न थाल्नुभयो। सरकार संविधानको कार्यान्वयनका लागि नयाँ कानुन निर्माण, सङ्घीयताको कार्यान्वयन र मुलुकको सामाजिक-आर्थिक रुपान्तरणमा केन्द्रित थियो। तर कतिपय साथीहरुका आँखा निरन्तर पद, प्रतिष्ठा र पद-सोपानमा मात्रै केन्द्रित भए। आफ्नो काँधमा आएको ऐतिहासिक अभिभारा पूरा गर्ने गरी नीति निर्माण, राज्यसञ्चालन र जनपरिचालनमा केन्द्रित हुनु पर्ने नेकपालाई केही नेताहरुले आफ्ना असन्तुष्टि, कुण्ठा र आत्मकेन्द्रित सोचहरुको बन्धक बनाउने र निष्प्रभावी तुल्याउने प्रयाश गर्नुभयो।

दिदीबहिनी तथा दाजुभाइहरु,

४. समस्या समाधानका लागि दुई अध्यक्षहरुका बीचमा कार्यविभाजन गरेर एकजना सरकार र अर्कोले पार्टी सञ्चालनमा केन्द्रित हुने निर्णय भएपछि समस्या समाधान हुने अपेक्षा गरिएको थियो। मैले सोही अनुरुप आफूलाई पूर्ण रुपमा सरकारमा केन्द्रित गरेँ। यसबीचमा पार्टी काम कति अगाडि बढ्यो, एकीकरणका बाँकी काम कति पूरा भए, महाधिवेशनको तयारी कति अगाडि बढ्यो र जनतालाई समस्या परेको बेला विशाल पार्टी पङ्क्तिलाई कति परिचालन गरियो- मैले केही भन्नु पर्दैन। तथ्यहरु आफै बोल्छन्। तर सरकारलाई भने राम्रोसँग चल्नै दिइएन। पार्टी घोषणापत्रको मर्म र समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई हाँक्न सक्ने गरी योग्यता - क्षमताका आधारमा मन्त्रिपरिषद् पुनर्गठन गर्न खोज्यो भने आफ्नो र पराइका कित्ताकाट गरेर टुङ्गोमा पुग्न दिइएन। महत्वपूर्ण संवैधानिक अङ्गहरुमा रिक्तता सिर्जना हुन थाल्यो- पूर्ति गर्न पाइएन। पछाडि परेका सामाजिक समुदायको हितका लागि विभिन्न संवैधानिक आयोगहरुको व्यवस्था छ, तर साढे दुई वर्षसम्म पनि त्यहाँ नियुक्ति हुन पाएन। सरकारले दूरगामी महत्वका काम गरेको छ, प्रतिकूलताका बीचमा पनि मुलुकले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ, युगान्तकारी काम सुरु भएका छन्- तर विपक्षी दलहरुलाई पनि उछिनेर केही नेताहरु सरकारको अनन्त विरोध र नकारात्मक मनोविज्ञान सिर्जना गर्न उद्यत् भइरहनु भयो। सरकारले प्रस्तुत गरेका कतिपय प्रस्तावमाथि सार्वभौम संसदलाई छलफल पनि गर्न नदिइकन जबर्जस्ती रोकेर राखियो। विगत केही महिना यता सरकारकस्तो कठिनाइबीच काम गर्न वाध्य भयो र कस्तो घेराबन्दीको शिकार भयो भन्ने बारेमा यहाँहरु अनभिज्ञ हुनुहुन्न भन्ने म ठान्दछु।

५. मैले राज्यप्रणालीमा पनि र पार्टी संरचनामा पनि नेतृत्व हस्तान्तरणको एउटा वैधानिक प्रणाली बसाल्ने प्रयाश गरेँ। प्रधानमन्त्री चयन ताजा जनादेशका आधारमा बन्ने संसदले गरोस् र पार्टी नेतृत्वको चयन महाधिवेशनबाट होस् भन्ने विधि स्थापित गर्न खोजेँ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रका निम्ति अगुवाइ गरेको पहिलो पुस्ताले संरक्षक र उत्प्रेरकको सम्मानजनक भूमिकामा रहोस् र मुलुकको नेतृत्व सामाजिक-आर्थिक रुपान्तरण र समृद्धिको 'मिशन' पूरा गर्न सक्षम र सक्रिय नयाँ पुस्तामा हस्तान्तरण होस् भन्ने मार्गचित्र प्रस्तुत गरेँ। यसै मान्यताका आधारमा पाँच वर्षको सरकारको नेतृत्वपछि सुयोग्य नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गर्ने र महाधिवेशनद्वारा पार्टीको कार्यकारी जिम्मेवारीबाट अवकाश लिने घोषणासमेत गरेँ। मुलुकको जटिल अवस्थामा नियमित महाधिवेशन हुन नसक्ने हो भने पनि विशेष महाधिवेशन गरेर अध्यक्ष पद हस्तान्तरण गर्न इच्छा गरेँ र योजना प्रस्तुत गरेँ। तर महाधिवेशनका लागि साथीहरुले ४ महिना पनि कुर्न सक्नुभएन। उल्टै मेरो राजनीतिक चरित्र हत्या गर्ने गरी अत्यन्त लाञ्छित र अपमानित गर्दै आरोप-पत्र पेश गर्नुभयो। त्यसलाई पार्टीको लोगो र कार्यालयको दुरुपयोग गर्दै राष्ट्रव्यापी रुपमा वितरण गर्नुभयो र वस्तुत: पार्टी विभाजनको अप्रत्यक्ष घोषणा गर्नुभयो। अर्कातिर भित्रभित्रै प्रधानमन्त्री विरुद्ध अविश्वास प्रस्तावको तयारीलाई अगाडि बढाउनु भयो। पार्टी अध्यक्ष एवं संसदीय दलका नेतालाई थाहै नदिई संसद अधिवेशन बोलाउन हस्ताक्षर सङ्कलन गरेर साथीहरुले संविधान विपरित पार्टी, प्रणाली र पद्धतिमाथि यस अघि नै गंभीर आघात पुऱ्याउनु भयो। यसपछि नै पार्टीभित्रको अवस्था निकै गंभीर र सङ्कटपूर्ण बन्न पुगेको हो।

६. अस्ति पुस ४ गते मात्रै पनि मैले पुष्पकमल दहालजीको निवासमै पुगेर उक्त विग्रहकारी आरोप-पत्र फिर्ता लिन, पार्टीमा सहज र स्वस्थ वातावरण सिर्जना गर्न र विशेष महाधिवेशन आयोजना गरेर नेतृत्व हस्तान्तरणका लागि पटक-पटक आग्रह गरेँ। पार्टी एकीकरणको सङ्क्रमणकालीन प्रयोजनका लागि मनोनयनद्वारा गठन भएका र महाधिवेशन सम्पन्न गर्ने मुख्य दायित्व भएका पार्टीका नेतृत्वदायी कमिटीहरुलाई पार्टी विधान र एकीकरणको भावना विपरीत पार्टीलाई मतदानको अवस्थातिर नधकेल्न र कर्तव्यको लिकबाट बाहिर नजान बारम्बार आग्रह गरेँ। तर यस प्रयाशलाई मेरो कमजोरी ठानियो। केही भएको छैन, केही गरिने छैन भन्ने कुरामा अल्मलाउँदै प्रधानमन्त्रीविरुद्ध अविश्वास प्रस्तावको तयारी अगाडि बढाइयो।

दिदीबहिनी तथा दाजुभाइहरु,

७. सरकार विरुद्ध यसरी घेराबन्दी र दाउपेच गर्नु पर्ने जायज कारण के थियो र ? सरकारले यस बीचमा राष्ट्रियतालाई सुदृढ गर्ने सन्दर्भमा ऐतिहासिक कामहरु गरेको छ। नेपालको वास्तविक भूभाग समेटेको नयाँ नक्सा प्रकाशन गरिएको छ। तदनुरुप सर्वसम्मतिका आधारमा संविधान संशोधन गरिएको छ। समस्या समाधानका लागि मित्र राष्ट्र भारतसँग वार्ताको तयारी भइरहेको छ। चीनसँग पारवहन यातायात प्रोटोकलमा हस्ताक्षर भएको छ। नेपालको अन्तर्राष्ट्रिय छवि, भूमिका र आकर्षण बढेको छ। यसलाई सुदृढ गर्न सबैले सहयोग गर्नु पर्ने बेलामा सरकारलाई असहयोग र असफल पार्न भइरहेका यी गतिविधिका पछाडि गंभीर षडयन्त्र लुकेको स्पष्ट छैन र ?

यी घटनाक्रम हेर्दा म आजभन्दा चार वर्ष अगाडिका परिदृश्यहरुलाई सम्झिरहेको छु। नाकाबन्दीको साहसका साथ सामना गर्दै त्यसलाई अन्त्य गरे वापत्, नेपालको पारवहन सुविधा विस्तार गरेर फेरि कहिल्यै नाकाबन्दी नहुने कुराको सुनिश्चित गरेबापत् त्यतिबेलाको सरकारलाई यसै गरी षडयन्त्रपूर्ण ढंगले अपदस्थ गरिएको थियो। परिस्थिति र समयसन्दर्भ फरक भए पनि पात्रहरु उनै हुनुहुन्थ्यो। के यसले हाम्रा कतिपय नेताहरु नेपाललाई अनन्त अस्थिरतामा फँसाउने योजनामा सहभागी भएको स्पष्ट रुपमै देखिनु हुन्न र ?

८. थुप्रै प्रतिकूलताका बाबजुद नेपालले गएको तीन वर्षमा उल्लेख्य उपलब्धि हासिल गरेको कुरा माथि पनि उल्लेख भइसकेको छ। प्राय: सबै जसो विकास सूचकांकहरुमा नेपालले प्रगति गरेको छ। कतिपय क्षेत्रमा फड्को नै मारेको छ। शान्ति सुरक्षाको स्थितिलाई सुदृढ तुल्याइएको छ। पृथकतावादी गतिविधिलाई समाधान गरिएको छ। मुलुकले विकास, सुशासन, समृद्धि र स्थायित्वतिर सकारात्मक कदम चालिरहेको यस स्थितिबाट पार्टी खुशी हुनु पर्ने होइन ? सबै मिलेर यसलाई थप गति दिनु पर्ने होइन र?

तर कतिपय नेताहरुबाट यसको उल्टो काम भइरहेको छ। सरकारलाई पाँच वर्ष काम गर्न दिने र उसका कामको परिक्षण जनताबाट निर्वाचनका क्रममा हुने लोकतान्त्रिक बाटो छाडेर सधैंभरि सत्ता, सधैंभरि सरकार र सधैंभरि पदीय भागबण्डाको चक्रव्यूहमा राजनीतिलाई बन्दी बनाउने काम भयो। लोकतन्त्रमा सत्तापक्षले जनताको आदेश अनुसार काम गर्छ, प्रतिपक्षले नियन्त्रण र सन्तुलनको भूमिका खेल्छ। तर हामीकहाँ सत्तापक्षका कतिपय साथीहरु नै प्रतिपक्ष भन्दा बढी आक्रामक, असहयोगी र षडयन्त्रपूर्ण गतिविधिमा संलग्न हुने विडम्बनापूर्ण अवस्था सिर्जना भयो। आजको स्थिति विकसित हुनुमा कतिपय नेताहरुको गतिविधिको मुख्य जिम्मेवारी रहेको तथ्यलाई हेक्का राख्नु पर्छ। यस्तो काम कुनै पनि अर्थमा लोकतान्त्रिक हुन सक्दैन।

दिदीबहिनी तथा दाजुभाइहरु,

९. पार्टीलाई एकताबद्ध रुपमा अगाडि बढाउने, नेतृत्व हस्तान्तरणको विधि र प्रणाली बसाउने र पार्टी, सरकार र संसदलाई जनताको हितमा केन्द्रित गर्ने मेरा प्रयाशहरुमा यसरी निरन्तर वाधा सिर्जना गरिए। यसपछि नै म यस निर्णयमा पुग्न बाध्य भएको हुँ। प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचन मेरो रुचि या छनोटको विषय थिएन। तर मुलुकलाई अकर्मण्य अवस्थामा राखिराख्नु उचित हुँदैनथ्यो। संसदलाई केही नेताहरुको स्वार्थको बन्धक बनाइराख्नु जनादेश विपरीत हुन जान्थ्यो। जनताको भावना अनुसार काम गर्न अगाडि बढ्नै नसक्ने स्थितिबाट मुलुकलाई निकास दिनै पर्थ्यो। जनअनुमोदित नेकपाको यस सरकारलाई आफ्नै दलका नेताहरुले काम गर्न नदिने र दलभित्रको कचिंगलले प्रतिनिधिसभालाई पनि शिकार बनाउने अवस्था अन्त्य गर्नै पर्थ्यो। यसै पृष्ठभूमिमा म नयाँ जनादेशका लागि सार्वभौम जनतासमक्ष जाने निष्कर्षमा पुगेको हुँ।

**जनअनुमोदित नेकपाको यस सरकारलाई आफ्नै दलका नेताहरुले काम गर्न नदिने र दलभित्रको कचिंगलले प्रतिनिधिसभालाई पनि शिकार बनाउने अवस्था अन्त्य गर्नै पर्थ्यो। यसै पृष्ठभूमिमा म नयाँ जनादेशका लागि सार्वभौम जनतासमक्ष जाने निष्कर्षमा पुगेको हुँ।**

१०. म अझै पनि विगतका सबै तिता-पिराहरुलाई बिर्सेर एकताबद्ध भई निर्वाचनमा सहभागी हुन कमरेडहरुलाई आग्रह गर्न चाहन्छु। निर्वाचनको घोषणाले पार्टी एकतालाई बलियो बनाउने अपेक्षा गरेको छु। पार्टी पहिलो शक्ति बन्नुमा, पार्टी एकता हुनुमा र पार्टीले विशाल जनसमर्थन प्राप्त गर्नुमा केपी ओलीको कुनै योगदान छैन, हामी पो निर्णायक हौँ भन्ने कमरेडहरुलाई पनि लोकप्रियता र क्षमताको मापन गर्न यसले अवसर दिने छ। प्रधानमन्त्री बन्न व्यग्र प्रतिक्षामा वा प्रयासमा रहनुभएका नेताहरुलाई पनि ताजा जनादेशले विकल्प दिने छ। प्रतिपक्षी दललाई पनि आफ्ना एजेण्डा जनताबीच लैजाने अवसर प्रदान गर्ने छ।

११. निर्वाचन लोकतन्त्रको आत्मा हो। यो सबैभन्दा उन्नत लोकतान्त्रिक अभ्यास तथा विधि पनि हो। जननिर्वाचित सरकारले काम गर्न पाउँदैन भने उसले पुनरावेदन गर्न जाने ठाउँ सार्वभौम जनतासमक्ष नै हो। मैले यही बाटो अवलम्बन गरेको छु। पार्टीले मेरो नेतृत्वमा विगत आम निर्वाचन लडेको थियो। म पार्टी संसदीय दलबाट सर्वसम्मत रुपमा नेता चयन भएको थिएँ र त्यसै हैसियतमा प्रधानमन्त्री निर्वाचित भएको थिएँ। बहुमत प्राप्त दलको सर्वसम्मत नेतालाई काम गर्न नदिइएपछि बन्द कोठामा अनुचित र सिद्धान्तहीन सम्झौतामा अल्झिएर जनअपेक्षामा आँच पुऱ्याउनु मैले उपयुक्त ठानिनँ। जनतालाई फैसला गर्न दिनु नै सबैभन्दा लोकतान्त्रिक विकल्प हो भन्ने मैले ठानेँ। त्यसै पनि जस्केलाबाट सरकारमा छिर्ने र जनमतको उपहास गर्ने अलोकतान्त्रिक चरित्रप्रति मैले सधैं विमति राख्दै आएको छ।

दिदीबहिनी तथा दाजुभाइहरु,

१२. नेपालको संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहने व्यवस्था गरेको छ। राज्य सञ्चालनको अन्तिम निर्णयकर्ता जनता हुन्। जनताको यो सार्वभौमसत्ता, राजकीयसत्ता र निर्णय निर्वाचनमार्फत् व्यक्त हुन्छ। जनताको अभिमत व्यक्त हुने निर्वाचनले लोकतन्त्रलाई थप सुदृढ र परिपक्व बनाउँछ। हाम्रो लोकतान्त्रिक प्रणाली नयाँ छ, तर कमजोर छैन। मुलुक जनप्रतिनिधिविहीन अवस्थामा छैन। राष्ट्रिय सभा क्रियाशील छ। प्रदेश सरकार र प्रदेश सभा एवं स्थानीय सरकारहरु मुलुकको संविधान र कानुन अनुरुप आफ्नो तहमा राजनीतिक नेतृत्व प्रदान गरिरहेका छन्। राष्ट्रपति र न्यायालय लगायतका संस्थाहरु र राज्यका निजामति एवं सुरक्षा अंगहरु सबै आफ्नो कर्त्तव्य निर्वाहमा दृढ छन्। साढे चार महिनापछि नयाँ प्रतिनिधिसभा स्थापित भइहाल्ने नै छ। एक्काइसौं शताव्दीको नेतृत्व गर्न तयार भएर बसेको हाम्रो युवा पुस्ता लोकतन्त्रप्रति प्रतिवद्ध छ। यो पुस्ता नै लोकतन्त्रको सबैभन्दा ठूलो पहरेदार हो। यस परिस्थितिमा म सम्पूर्ण युवाहरुलाई लोकतन्त्रको रक्षाका निम्ति एकजुट भएर सक्रिय हुन आह्वान गर्दछु। त्यसैले निर्वाचनमा जाँदा संविधान अप्ठ्यारोमा पर्छ, लोकतान्त्रिक गणतन्त्र सङ्कटमा पर्छ र मुलुक अस्थिरतातर्फ धकेलिन्छ भनेर चलाउन खोजिएका प्रचार या आशङ्का निराधार छन्। राजनीतिक स्थिरताको प्रत्याभूति गर्ने निर्णायक तत्व जनताको अभिमत हो।

तसर्थ कुनै पनि कुरामा नअल्मलिइकन आम निर्वाचनको तयारीमा केन्द्रित हुन म सबैमा हार्दिक आह्वान गर्दछु।

धन्यवाद

## मधेश अपडेट

### निजी क्षेत्रका समस्या समाधान हुन्छ



वीरगञ्ज। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले निजी क्षेत्रका साझा समस्या प्रभावकारी ढंगले समाधान हुने बताएका छन्। उनले महासंघलाई नयाँ तवरबाट परिभाषित गराउने उद्देश्यले काम सुरु भइसकेको समेत बताए। वीरगञ्ज उद्योग वाणिज्य संघले आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा प्रत्येक दिन दुई बजेपछि अध्यक्ष तथा पदाधिकारीहरु नियमित रुपले महासंघमा बसेर सेवा प्रवाह गर्ने गरी व्यवस्था मिलाइएको जानकारी दिए। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल केडियाले उद्योग, व्यापार, व्यवसाय, बैंक, वित्तीय संस्था, कर, राजस्व सम्बन्धी निजी क्षेत्रसँग जोडिएका आर्थिक मुद्दाहरुको चाङ्ग नै रहेको बताए। उनले उपत्यका बाहिरका उद्यमी, व्यवसायीहरुको समस्या र सरोकार सम्बन्धी फाइल महासंघको कार्यालयमा धुलो खाएर बसिरहेको भन्दै असन्तुष्टि जनाए। महासंघका कार्यकारिणी समितिमा अध्यक्ष केडिया तथा वरिष्ठ उपाध्यक्ष सुबोध गुप्ता निर्वाचित भएका छन्। वीरगञ्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगीले वीरगञ्ज महानगरपालिकाले पर्सेली अर्थकर्मीहरुको लागि विशेष योजना ल्याएको दाबी गरे।

### ओलीले देश भड्खालोमा हाले : चित्रबहादुर केसी

बुटवल। राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादूर केसीले प्रधानमन्त्री केपि ओलीले गरेको असंवैधानिक कदमको सर्वोच्च अदालतले निकास दिनुपर्ने बताएका छन्। उनले अब संसद पूर्नस्थापनाको विकल्प नभएको बताए। रिपोर्टर्स क्लव नेपाल लूम्बिनी प्रदेशको आयोजनामा बुटवलमा भएको साक्षात्कार कार्यक्रममा बोल्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका केसीले नेकपाभित्रको गूटको बिबाद समाधान गर्न नसकेर ओलीले संसदनै भंग गरेर कु काम गरेको बताए। उनले भंग गरेर कु काम गरेको बताए। उनले भने यस्तो काम पनि गर्ने हो,आफ्नो पार्टीको लफडा देखाएर जनमतको अपमान गर्ने ओलीलाइ अधिकार छैन,अदालतको निर्णयले अब संसद पूर्नस्थापना गर्नुपर्छ। देश कोरोनाको कारया तहस नहस भएको बेला निर्वाचनको नाममा राज्यको अर्बौ रकम सक्ने,दलालहरुलाइ अवसर दिने,अवसरबादीलाइ अगाडी ल्याउने काम हुन्छ,यसो हूदा झन् राजनीति खतम हुन्छ उनले भने। उनले संसद विगटनको बिरुद्धमा सर्वोच्चले आदेश दिनुपर्ने भन्दै उनले मुलुकलाइ दर्घटनाबाट जोगाउनुको बिकल्प नभएको बताए। अब सबै प्रजातन्त्रबादी शक्तिहरु एक हुनुपर्छ,गतल कामको बिरोधमा पत्रकार,नागरिक समाज तथा सरोकारवाला सबैले पनि भुमिका खेल्नूपर्ने बेला आएको छ।उनले भने। संघीयता मनैदेखि मान्न प्रधानमन्त्री ओली कहिले पनि तयार नभएको भन्दै नेता केसीले संघीयता खारेज गर्नूको बिकल्प नभएको समेत तर्क गरे। नेपालमा कम्युनिष्ट पार्टीनै नरहेको भन्दै उनले कम्युष्टिको नाममा खोल ओढ्नेहरुको बिगबिगी रहेको समेत टीप्पणी गरे। उनले स्थानीय तहलाइ बलियो बनाउने र प्रदेश संरचना तत्काल खारेज गर्नूपर्ने धारणा राखे। क्लवका अध्यक्ष रामकूमार क्षेत्रीको अध्यक्षतामा भएको साक्षात्कार कार्यक्रमको संचालन क्लवका सचिव कपिल ज्ञवालीले गरेका थिए।

### सांसद चौधरीसहित आठ जनालाई जन्मकैद

कैलाली। टीकापुर घटनामा उच्च अदालत दिपायलले सांसद रेशम चौधरी र थरुहट आन्दोलनका नेतासहित ८ जनालाई जन्मकैदको फैसला सुनाएको छ। बिहीबार उच्च अदालत दिपायलका न्यायाधीसद्वय टेक नारायण कुँवर र सीताराम मण्डलको संयुक्त इजलासले सांसद रेशम चौधरी, लक्ष्मण थारु, हरिनारायण चौधरी, प्रदीप चौधरी, वीरबहादुर चौधरी, राजेश चौधरी, सीताराम चौधरी र गंगाराम चौधरीलाई जन्मकैदको फैसला सुनाएको हो। उच्च अदालतले कैलाली क्षेत्र नम्बर १ बाट निर्वाचित संघीय सांसद रेशम चौधरीसहित सात जनाको फैसला सदर गरेको जनाइएको छ। उच्च अदालतले थरुहट आन्दोलनका नेता लक्ष्मण थारुलाई पनि जन्मकैदको फैसला सुनाएको हो। यसअघि जिल्ला अदालत कैलालीले थारूलाई तीन वर्षको सजाय सुनाएको थियो। उनी तीनवर्ष भन्दा बढी पुर्पक्षमा रहेकाले जिल्ला अदालतको फैसलापछि छुटिसकेका थिए। सो घटनामा कैलाली जिल्ला अदालतका तत्कालीन न्यायाधीश परषुराम भट्टराईको इजलासले २०७५ फागुन २२ गते रेशमसहित १० जनालाई जन्मकैद (२० वर्ष) को फैसला सुनाएको थियो।

### सीमा नाका खोल्न प्रदर्शन

काँकडभिट्टा। स्थानीय व्यवसायीहरुले नेपाल-भारतको सीमा नाका खुलाउन माग गर्दै शान्तिपूर्ण विरोध प्रदर्शन गरेका छन्। कोरोना संक्रमणका कारण विगत ९ महिनादेखि नाका बन्द हुँदा होटल, ट्राभल र यातायात व्यवसायमा क्षति पुगेको भन्दै स्थानीय व्यवसायीले नाका तत्काल खोल्न चरणबद्ध आन्दोलन गरिरहेका छन्। 'हवाइ, शिक्षण संस्था, बजार आदि सबै क्षेत्र खुला हुँदा समेत नाका नखोल्दा समस्या भएको छ,' झापा ट्राभल संघका अध्यक्ष निरबहादुर कार्कीले भने,'अझै नाका सुचारु नगरि कडा भन्दा कडा आन्दोलन गर्ने छौं।' नाका नखुल्दा सीमावर्ती क्षेत्रमा व्यवसाय गर्ने अधिकांश मारमा परेको कार्कीले जनाए। नाका खुलाउन माग गर्दै बुधबार भएको शान्तिपूर्ण ऱ्यालीमा प्रहरीले हस्तक्षेप गरेको थियो। लगत्तै होटल, यातायात र ट्राभल व्यवसायीहरुको सर्वपक्षीय भेलाले नागरिक स्तरबाट थप आन्दोलन गर्ने निर्णय गरेको होटल व्यवसायी संघ मेचीनगरका अध्यक्ष सुरेश श्रेष्ठले जनाए।

### मधेशी कर्मचारीप्रति जयकृष्ण गोइत आक्रामक

जनकपुरधाम। जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) का अध्यक्ष जयकृष्ण गोइत मधेशी कर्मचारीप्रति आक्रामक देखिएका छन्। गोइतले मंगलबार एक विज्ञप्ति जारी गरी मधेशी कर्मचारीलाई भ्रष्टाचारी र घूसखोरको संज्ञा दिएका छन्। 'मधेशी कर्मचारीहरुद्वारा पनि आम सेवाग्राही मधेशीहरु चरम शोषित, उत्पीडित र अपमानीत भएको छ।' उनले विज्ञप्तिमा भनेका छन्। शोषित, उत्पीडित मधेशीहरुको राय, सल्लाह र सहयोगमा भ्राष्टाचारी, घूसखोर, आफूलाई पहाडी ठानेर सर्वसाधारण मधेशीलाई हेप्ने, हेला गर्ने अहंकारी मधेशी कर्मचारीमाथि जनतान्त्रिक तराई मुक्ति मोर्चा(कान्तिकारी)ले हदैसम्मको कार्वाही गर्दै आएको उनले जनाएका छन्। यसैक्रममा सिरहा जिल्लाको सुखीपुर नगरपालिकाको कार्यालयमा सोमबार बेलुकी चेतावनी कार्वाही गराएको बताएका छन्। यसरी मधेशी कर्मचारीहरुको भ्रष्टाचारी, घूसखोरी र हेप्हा प्रवृति जारी नै रहे भन्ने यस भन्दा पनि उच्च स्तरको कार्वाही हुने चेतावनीसमेत दिएका छन्। 'यसबाट उत्पन्न हुने दुष्परिणामको जिम्मेवार भ्रष्टाचारी मेयर लगायतका घूसखोर र हेपाहा प्रवृतिका मधेशी कर्मचारीहरु नै हुनेछ।' विज्ञप्तिमार्फत् चेतावनी दिएका छन्।

### ८ सय परिवारलाई राहत वितरण

वीरगञ्ज। नेपाल अष्ट्रेलिया प्रजातान्त्रिक मञ्चले तराईका विभिन्न जिल्लामा राहत वितरण गरेको छ। कोभिड-१९ बाट प्रभावित दलित विपन्न समुदायलाई खाद्यान्न सामग्री वितरण गरेको हो। पर्साको अलौ, सुगौली, लक्ष्मीपुर, रौतहटको गरूडा, सर्लाहीको चन्द्रनगरका दलित विपन्न समुदायलाई राहत वितरण गरिएको थियो। तराईको दलित लक्षित राहत कार्यक्रमको संयोजन पत्रकार चन्द्रकिशोरले गरेका थिए। तराईका तीन जिल्लामा ४ सय परिवारलाई प्रतिपरिवार २५ किलो चामल, २ किलो दाल, तेल, नून र मास्क १र१ प्योकट, नुहाउने र लुगा धुने साबुन वितरण गरिएको पत्रकार चन्द्रकिशोरले जानकारी दिए। मञ्चले तराईका दलितका लागि मात्रै ६ लाखको राहत प्रदान गरेको उनले बताए। अष्ट्रेलियामा रहेका नेपाली दाजुभाई दिदीबहिनीहरुसँग रकम संकलन गरी नेपालका दलित विपन्न समुदायलाई राहत वितरण गरिएको मञ्चका अध्यक्ष सुरेन्द्र सापकोटाले बताए।

## राष्ट्रपति विद्यादेवी भण्डारीलाई डा.अहिराजको पत्र

# किसानको आँशु यथाशीघ्र पुछियोस्


राष्ट्रपति विद्यादेवी भण्डारी



डा.राजेश अहिराज

महामहिम राष्ट्रपतिज्यू,
राष्ट्रपति भवन,
महाराजगन्ज, काठमाडौं ।

नेपालका उखु किसानहरू वर्षौंदेखि पीडा पाउँदै आएको कुरा यहाँलाई अवगत नै छ । आफ्नो उत्पादनलाई चिनी मिलमा बुझाएको वर्षौं भइसक्दा पनि उत्पादनको मूल्य नपाएको गुनासो हामीले सुन्दै आएका छौं । किसानको पीडा, ऋण, कृषिका समस्या, ज्याला, मिल व्यवस्थापनको बदमासी, विभिन्न शीर्षकका तौल कट्टी र बिलबमोजिमको पैसा नपाउँदा उखु किसानको जीवन नर्कमय भएको छ ।

साहुबाट ऋण खोजेर अर्काको खेतमा उखु उत्पादन गरेर वर्षौंसम्म पैसा नपाउँदा निजी र पारिवारिक जीवन अस्तव्यस्त भएको रहेछ । मिल मालिकले दिएको पुर्जी र हिसाव बोकेर कहिले मिल मालिक, कहिले सामाजिक अगुवाको दैलोमा, कहिले सडकमा, कहिले आन्दोलनमा त कहिले उद्योग मन्त्रालयमा गुहार मागेको दिनचर्याको पनि वर्षौं भयो ।

वर्षौंको आग्रह, सामूहिक दबाब र आन्दोलनका कारण गत वर्ष २०७६ पुस १८ गते उद्योग मन्त्रालयले पाँचबुँदे सम्झौता गरिदिएको कुरा यहाँलाई अवगत नै छ ।

लगातार चार वर्षको दौडधुपका कारण गत वर्ष सरकारले सम्झौता त गऱ्यो तर किसानहरूले पूरै पैसा पाउन सकेनन् । उल्टो विचौलिया, दलाल र नक्कली किसानको आरोप समेत सुन्नुपऱ्यो । ऋणको बोझ, आँखामा आशु र हजार सपना बोकेर किसानहरू काठमाडौं आए र महामहिम राष्ट्रपतिज्यूलाई २०७७ कार्तिक २४ गते भेटेर समेत सामूहिक रूपमा समस्या अवगत गराए ।

महामहिमज्यू, 'उखुको बक्यौता लिन तपाइँहरूलाई काठमाडौं आउनु पर्दैन, सरकारसँग कुरा राख्छु । तपाइँहरू घर जानुस् ।' भन्नुभयो । हर्षित हुँदै किसानहरू घर गए । हजुरमाथिको विश्वास मनमा साँचेर घर फर्के । तर किसानको खातामा पैसा गएन । मन्त्रालय, चिनी मिल व्यवस्थापन, मिल मालिक र साहु महाजनको घरदैलोमा कुद्दा-कुद्दा थकित र जिउँदो लासझैं भएका किसानहरू पुनः २०७७ मंसिर २८ गतेदेखि बक्यौता लिन काठमाडौंको माइतीघर मण्डलामा आन्दोलन थाले । आज यो आन्दोलनले समेत ११ दिन पार गऱ्यो । गत वर्ष पुस-माघको जाडोमा १८ दिन काठमाडौंमा आन्दोलन गर्न बाध्य भएको कुरा यहाँलाई अवगत नै छ ।

महामहिमज्यू,

किसानको आँशु, पसिना, पीडा र थकित जीवन हेर्दा मन नरूने को होला ? हाम्रा अन्नदाताको कथाले मन नपोल्ने को होला ? मिल मालिकको बदमासीका कारण कतिपय किसानको घरखेत लिलाम समेत भैसकेको छ । परिवारका कतिपय सदस्यहरू पैसाको अभावमा उपचार नपाएर मृत्युवरण समेत गरिसकेका रहेछन् । रोग र भोक बोकेर एकछाक मात्र खाएर भएपनि काठमाडौंमा आन्दोलन गर्न बाध्य किसानको पीडा कहिले र कसले सुनिदिने ? उनका आँशु कहिले पुछिने, उनका अनुहारमा खुशी कहिले दिने, उनलाई न्याय कहिले दिने ?

महामहिमज्यू,

कृषि प्रधान देश नेपालमा उखु किसानको पीडा, समस्या र बाध्यता सुन्दा मन भावविहिल भएर आउँछ । बुढेसकाल प्रवेश गरिसकेका र कतिपय किसान ७५ वर्ष समेत काटिसकेका रैछन् । एक सरो लुगा, एकछाक खाना, काठमाडौंको चिसो, आँखामा आँशु र मनमा वेदना लिएर कति दिन भौतारिनुपर्ने ? आफ्नै मुलुकमा यो तहको पीडा पाउँदा उनलाई यो व्यवस्था, यो राज्य, यो संयन्त्र, यो जनप्रतिनिधि, यो पेशा र यो जीवनप्रति कस्तो अनुभूति भैरहेको होला ?

महामहिमज्यू,

उखु किसानको पीडा देखेर, सुनेर र बुझेर असह्य पीडा भएकोले यो पत्र लेख्न बाध्य भएको छु । किसानको आँशु यथाशीघ्र पुछियोस् ।

मिति : २०७७।०९।०८

# कसरी न्यून गर्ने महिला हिंसा ?



हंसा कुमारी साह

महिला हिंसा नेपाली समाजको परम्परागत समस्या हो । बलात्कार, एसिड आक्रमण, घरेलु हिंसाबाट अधिकांश महिला अमानवीय प्रवृत्तिले बाँच्न विवश छन् । राणाकालदेखि अहिले लोकतान्त्रिक मुलुकको निर्माण हुँदासम्म पनि महिला हिंसाको अन्त्य हुन सकेको छैन । आखिर महिला हिंसाले अहिलेको युगमा पनि उग्र रुप लिइरहँदा सरकार किन मौन छ त ? नेपाली राजनीतिमा महिला हिंसाको विरुद्धमा काम गर्ने भन्दा पनि यी समस्यालाई चुनावी एजेन्डा बनाएर आफ्नो स्वार्थ परिपूर्ति गर्ने आकांक्षा नेपाली राजनीति दल र नेताहरुमा देखिएको छ । हरेक चुनावमा नेताहरुले विभिन्न क्षेत्रमा गएर महिला हिंसा विरुद्ध आफू लाग्ने बाचा गर्छन् । तर, चुनाव जितिसके पछि नेताहरुका घोषणा कागजमा मात्रै सीमित हुन्छ । कुनै पनि महिला हिंसाको खबर पत्र-पत्रिकामा आएपछि सामाजिक सञ्जालमा भाइरल भएपछि सांसदहरु एकपछि अर्को गर्दै लामा-लामा भाषणको ओइरो ल्याइदिन्छन् । सरकारले पनि आफू गम्भीर भएको जस्तो नाटक गर्न महिला तथा बाल बालिका मन्त्रालयमा निर्देशन पठाउँछन् । अहिले त महिला हिंसा हुने बित्तिकै समिति बनाएर प्रतिवेदन बुझाउन निर्देशन दिइन्छ । भोलिदेखि पत्र-पत्रिकाका हेडलाइनमा नयाँ कुरा छापिन्छन् र दुई-चार दिन पछि सबै घटना बिर्सिन्छन् । यही प्रवृत्तिले गर्दा दोषी कानुनी सजायबाट उम्किन्छन् र पुनः यस्ता हिंसामा संलग्न हुन्छन् । सरकार भनेकै जनताका समस्याहरुलाई हटाउन बनाइएको एक जिम्मेवार अङ्ग हो । तर कुर्सीको लडाइँले गर्दा यी समस्याप्रति जति मिहेनत र काम गरिनुपर्ने हो त्यो भएको देखिदैन । देश अहिले साँच्चिकै विषम परिस्थितिमा छ । राजनीतिक लडाइँले गर्दा सरकार आफैं कोलाहलको स्थितिमा पुगेको छ । त्यसमाथि कोरोना कहर; स्वास्थ्य क्षेत्रमा उथलपुथल भएको अवस्था छ । कोरोना महामारी पछि लगाइएको लकडाउनभरी यता १३३१ वटा घटनाहरु महिला हिंसाका रहेका छन् । हरेक दिन ७ वटा बलात्कारका घटना दर्ज हुन्छन् । पितृप्रधान सोचाइले ग्रसित नेपाली समाजमा महिलाहरुको हाल दयनीय छ । यी सबै हुँदा-हुँदै पनि सरकार मौन छ । जति घचघचाए पनि सरकार मूर्तिको रुप लिएर बसेको छ । तर सबै दोष सरकारलाई मात्र दिएर हुँदैन । सरकारलाई घचघचाउने काम विपक्षीले गर्न छाड्नु हुँदैन । तर बिडम्बना राजनीतिक स्वार्थ र चलखेलका कारण विपक्षी पार्टीहरु महिला हिंसा विरुद्ध आवाज उठाउन सकिरहेका छैनन् । सायद चुनावको प्रतिक्षामा छन्, महिला हिंसाका समस्यालाई चुनावी एजेन्डा बनाउँछन् । सरकार र महिला तथा बालबालिका मन्त्रालय पछि सबैभन्दा बढी जिम्मेवार अङ्गको रुपमा राष्ट्रिय महिला आयोग रहेको छ । राष्ट्रिय महिला आयोगको पनि आफ्नै समस्या छन् । आन्तरिक चलखेल, गुटगत राजनीति र भत्ता थापन बाहेक आयोगमा नियुक्ति भएका व्यक्तिहरुको खासै केहि चासो छैन महिला हिंसालाई न्यूनीकरण गर्न । संघीयता लागू भएदेखि देशमा छुट्टै तरङ्ग आएको थियो । स्थानीय तहले आम जनताको चाहना परिपूर्ति गर्छ भनेर नागरिकहरु खुसी थिए । तर परम्परागत राजनीतिक खेलले गर्दा महिला हिंसा विरुद्ध जन-स्तरमा चेतना फैलाउने काम स्थानीय तहको प्राथमिकतामा नै छैन । योजना बनाउने समितिमा दक्ष जनशक्तिको अभावले गर्दा तथा स्वतन्त्र न्यायलयको स्थापना हुन नसक्दा महिला हिंसा न्यूनीकरणमा खासै उन्नति देखिएको छैन । गजबको कुरा के छ भने आम नागरिकले पनि सामाजिक सञ्जालमा चटपटे घटनालाई सेयर गर्नु बाहेक खासै केही गरेका छैनन् । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु पनि बसी-बसी पैसा पचाउने बाहेक अरु केही आश लाग्दो गतिबिधि देखाएको छैन । महिला सशक्तिकरणका तालिम र योजनामा पनि खोट देखिएको छ । विगतका केही वर्षमा थुप्रै भेला, गोष्ठी तथा तालिमहरुको आयोजना भए । तर नियालेर हेर्ने हो भने ती तालिम र सभाहरुमा ती महिलाहरुको मात्र सहभागिता छन् जो कुनै न कुनै राजनीतिक पार्टीमा संलग्न छ । यसरी गाउँ-घरमा भइरहेका महिला हिंसाका मुद्दा सधैं छाया मै रहन्छन् । यी सबै कुराको तात्पर्य निकै सरल छ । जबसम्म सरकार, संवैधानिक अङग, सम्बन्धित निकाय र आम नागरिकले महिला हिंसा विरुद्ध मिलेर काम गर्दैनन् तबसम्म महिलाहरु सुरक्षित हुन सक्दैनन् । सरकारले सशक्त नियम र कानुनको व्यवस्था मिलाउन अपरिहार्य देखिन्छ । कानुन बनाएर मात्र पुग्दैन । कानुन र प्रावधानका बारेमा आम नागरिकलाई निरन्तर रुपमा अवगत गराउनुपर्छ । यस्ता हजारौं महिलाहरु छन् जसले आफ्नो हक र अधिकारबारे ज्ञान नभएर हिंसा सहेर बस्नु परेको छ । तसर्थ सामाजिक सञ्जाल तथा मिडियाहरुको सहयोगले कानुनी प्रावधानका बारेमा जानकारी गराउन पर्दछ । यसका साथै न्यायलायलाई पनि स्वतन्त्र राख्न जरुरी देखिन्छ । राजनीतिक शक्तिका आधारमा दोषी सजिलै उम्किन्छन् र हिंसालाई प्रेरित गर्छ । यसका साथ-साथै शिक्षाको दायरालाई बढाउन जरुरी देखिन्छ । पितृप्रधान सोचाइलाई हटाउन शिक्षा एक मुख्य हतियार हो । महिला शसक्तिकरणका योजनालाई विकट गाउँ-गाउँसम्म पुऱ्याउन जरुरी देखिन्छ । आम नागरिक मौन भएर बस्नु भएन । हामीले आफ्नो ठाउँबाट सक्दो प्रश्न सरकारलाई गर्नुपर्छ । महिला हिंसा समाजमा रहनु हुँदैन । हामी सबै मिलेर यो समस्यलाई परास्त गर्न सक्छौं ।

*(साह समाजसेवी तथा जसपाकी नेतृ हुन् ।)*

## संसद विघटनविरुद्ध विद्यार्थी संगठनहरूले देशव्यापीरूपमा प्रतिरोध गर्ने

काठमाडौं । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा गरिएको संसद विघटनका क्रियाशील ९ विद्यार्थी संगठनहरुले देशव्यापीरुपमा प्रतिरोध गर्ने निर्णय गरेका छन् । मंगलबार नेपाल विद्यार्थी संघ संयोजनमा बसेको ९ विद्यार्थी संगठनहरुले संसद विघटनको भर्त्सना गरेका छन् ।

संविधानको रक्षाका लागि सबै विद्यार्थी संगठनहरुबीच सहकार्य गर्ने निर्णय भएको राष्ट्रिय विद्यार्थी संघका अध्यक्ष मनिष मिश्रले जनाएका छन् ।

'अलोकतान्त्रिक, असंवैधानिक तथा प्रतिगमनलाई सहयोग पुग्ने गरी चालिएको यस कदमका विरुद्ध देशव्यापीरुपमा प्रतिरोध गर्न सम्पूर्ण युवा विद्यार्थीलाई आह्वान गर्दछौं ।' संयुक्त विद्यार्थी संगठनहरुद्वारा जारी गरिएको संयुक्त विज्ञप्तिमा भनिएको छ । साथै विचार र आस्थाका आधारमा गैरकानूनी थुनामा राखिएका संयुक्त आन्दोलनमा क्रियाशील अखिल क्रान्तिकारीका नेता कार्यकर्तालाई तत्काल रिहा गर्न मागसमेत गरिएको छ ।

## संक्षिप्त समाचार

### चिनियाँ नाकाबाट कपडा आयात नभएपछि २० प्रतिशत मूल्य बढ्यो

काठमाडौं । चिनियाँ नाकाबाट सामान आयातमा समस्या आएपछि कपडाको मूल्य वृद्धि भएको छ । वैकल्पिक मार्गको पहिचान गर्दा भाडादर बढी हुने भएकाले मूल्य बढेको व्यवसायीले बताएका छन् । रसुवागढी नाकाबाट सामान आयात गर्न नसकेपछि व्यवसायीले समुन्द्री मार्गको प्रयोग गरेका छन् । जसले भाडा बढी खर्च हुने उनीहरुले बताएका छन् । समुन्द्री मार्गबाट सामान आयात गर्दा ३ गुणाबढी भाडा वृद्धि भएको र सामानको मूल्य २० प्रतिशत वृद्धि भएको उनीहरुले बताएका छन् । जाडो मौसमका लागि चीनबाट आयात हुने ज्याकेट, पन्जा, टोपी, ट्राउजर, जुत्तालगायत कपडाको मूल्य बढेको हो ।

### 'नेकपा मिलाउने चीनको प्रयास असफल'

काठमाडौं । नेपालका लागि पूर्व भारतीय राजदूत रन्जित रेले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को दुई गुटबीचको विवाद मिलाउन चीनले सहजीकरणको प्रयास गरेपनि त्यो असफल भएको बताएका छन् । नेपालको पछिल्लो राजनीतिक घटनाक्रमको बारेमा भारतीय पत्रिका दि इकोनोमिक टाइम्समा एक लेख लेख्दै उनले भनेका छन्, 'जबसम्म चीनले ओलीलाई समर्थन गरिरहेको थियो सबै कुरा ठीक थियो तर जब ओलीले चीनको चासो उनको नेतृत्वको निरन्तरता भन्दा नेकपा एकीकृत भयो भन्ने रियलाइज गरे, उनले आफ्नो रणनीति परिवर्तन गरे ।' उनले यतिबेलासम्म भारत विरोधी राष्ट्रवादलाई बढावा दिएको तर त्यसलाई परिवर्तन गर्दै भारतसँग सम्बन्ध सुधार गर्न लागेको उल्लेख गरेका छन् । सम्बन्ध सुधार गर्न चाहेको ओलीको कदमलाई भारतले सकारात्मक लिँदै लगातार पाहुनाहरु पठाएको उल्लेख गरिएको छ ।

### पूर्वराजपा प्रदेश समितिको आपत्ति

कपिलवस्तु । पूर्व समाजवादी पार्टीनिकट समाजवादी युवा संघको प्रशिक्षण कार्यक्रमप्रति पूर्व राष्ट्रिय जनता पार्टी नेपाल प्रदेश ५ समितिले आपत्ति जनाएको छ । पूर्वराजपा नेपालको प्रदेश समिति अध्यक्ष रविदत्त मिश्रले शुक्रबार एक विज्ञप्ति जारी गरी पूर्वसमाजवादी पार्टीको क्रियाकलापप्रति घोर आपत्ति जनाएका छन् । 'समायोजनभन्दा अगाडि नै पूर्व राजपा प्रदेश समितिलाई कुनै आधिकारिक जानकारी बिना पूर्व समाजवादी पार्टीको प्रदेशस्तरीय बैठक तथा समाजवादी युवा संघको प्रशिक्षण कार्यक्रमलाई जनता समाजवादी पार्टीको नामबाट प्रचारित गर्ने क्रियाकलापको निर्णयप्रति घोर आपत्ति प्रकट गर्दछौं ।' पूर्वराजपाका प्रदेश अध्यक्ष दत्तले विज्ञप्तिमा उल्लेख गरेका छन् । दत्तले पार्टी समायोजन प्रक्रियामै रहेको यस संक्रमणको अवस्थामा सम्पूर्ण कार्यकर्तालाई विचलित नभई संगठनलाई झन मजबुत बनाउने अग्रसर रहन आग्रह गरेका छन् ।

### घुरबाट आगलागी हुँदा किशोरको मृत्यु

मोरङ । विराटनगर महानगरपालिका-१४ झट्याई बस्ने राजेश दाश तत्माको घरमा बालेको घुरबाट आगलागी हुँदा एक किशोरको मृत्यु भएको छ । शनिबार राति आगलागी हुदाँ आगोमा जलेर राजेशको छोरा १४ बर्षीय रबिन दास तत्माको मृत्यु भएको प्रहरीले जनाएको छ । साथै सोही आगलागीमा जलेर घाइते भएका २ जनाको कोशी अस्पताल बिराटनगरमा उपचार भइरहेको छ । साथै, आगलागीबाट अन्नपात, लत्ताकपडा, भाडावर्तन, फर्निचर, नगद गरी करिब ४ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । स्थानीयबासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आगो ताप्ने क्रममा जलेर वृद्धाको मृत्यु

नवलपरासी (पूर्व) । मध्यबिन्दु नगरपालिका-१० अरुणखोला बस्ने ७७ वर्षीया देवकी घिमिरेको आफ्नै घरमा आगो ताप्ने क्रममा जलेर आइतबार बिहान मृत्यु भएको छ । उनले लगाएको कपडामा आगो सल्की जलेर गम्भीर घाइते भएकी देवकीको कीर्तीपुर अस्पताल काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### परियोजनाका विषयमा छलफल

काठमाडौं । भारतको सहयोमा नेपालमा सञ्चालित परियोजनाका विषयमा मिशन उपप्रमुख नामग्या खम्पाले जानकारी लिएकी छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्त नेम्वाङसँग भेटवार्ता गरी सो विषयमा उनले जानकारी लिएको नेपालस्थित भारतीय दूतावासले जानकारी दिएको हो । भेटमा भारतको सहयोगमा रेलवे र सडक क्षेत्रमा सञ्चालित परियोजनाहरूको बारेमा छलफल भएको जनाइएको छ ।

### किसानको खातामा रकम पठाउन सुरू

रौतहट । रौतहटको गरुडास्थित श्री राम सुगर मिल्स लिमिटेडले किसानको खातामा पैसा पठाउन सुरु गरेको छ । सबैतिरबाट दबाब परेपछि उखुको बक्यौता रकम तिर्न बाध्य भएको उद्योग उखु सञ्चालकले किसानलाई भुक्तानीका लागि ३५ करोड रुपैयाँ पठाएको छ । विभिन्न जिल्लाका किसानले काठमाडौं केन्द्रित संघर्ष गरिरहेको र उखु उत्पादक संघ रौतहटले गरुडाको चिनी उद्योग सञ्चालकविरुद्ध ठगी मद्दा दर्ता गराएर पक्राउ पुर्जी जारी भएपछि किसानको खातामा रकम पठाउन सुरु गरेको हो । गृह मन्त्रालयले पनि किसानको पक्षमा कडाइ गरेको छ ।

### बाँकेका किसान उत्साहित

नेपालगञ्ज । सिक्टा सिँचाइ आयोजनाले पहिलोपटक हिउँदयाममा नहर सञ्चालन गरेपछि गहुँ, तोरी लगायतका खेती गर्ने बाँकेका किसान उत्साहित भएका छन् । आयोजनाले पश्चिमी मूल नहरमा पाँच क्युसेक पानी चलाएपछि बाँकेको डुडुवा, कोहलपुर, नेपालगञ्ज, खजुरा र बैजनाथ क्षेत्रका किसानले करिब २० हजार हेक्टरको गहुँ र तोरी खेतीमा सिँचाइ भएको कृषि ज्ञान केन्द्र, नेपालगञ्जले जनाएको छ ।

### फरार कैदी पक्राउ

नेपालगञ्ज । नेपालगञ्ज कारागारबाट शुक्रबार भागेका चौकिदार कैदीलाई शनिबार बर्दियाबाट प्रहरीले पक्राउ गरेको छ । बाँकेका प्रहरी प्रवक्ता डिएसपी सुभाष खड्काले कारागारबाट भागेका चौकिदार कैदी पवन पुनलाई प्रहरीले खोजी गर्दै जाँदा बर्दियाको मधुवन-३, ओराली बजारबाट शनिबार बिहान पक्राउ गरेको थियो ।

### उज्यालो अभियान नारा लिएर टोल-टोलमा

कपिलवस्तु । विभिन्न रोगका कारण आँखाको दृष्टि गुमाउनेको सङ्ख्या न्यून गर्न 'छन्द (कालेबाबु) नारायणी आँखा अस्पताल बहादुरगञ्ज' टोल-टोल पुग्ने भएको छ । उज्यालो अभियान नारा लिएर अस्पतालले कपिलवस्तुका स्थानीय सरकारसँग सहकार्य गर्ने भएको हो । सहकार्य गर्नका लागि अस्पतालले कपिलवस्तुको शिवराज नगरपालिका, महाराजगञ्ज नगरपालिका, बुद्धभूमि नगरपालिका र विजयनगर गाउँपालिकाका कार्यपालिकासँग छलफल गरेको छ ।

### वीरगञ्जमा परीक्षा हलको शिलान्यास

वीरगञ्ज । वीरगञ्ज-१४ चिनीमील आवासक्षेत्रस्थित सिद्धार्थ माविमा ३ करोड ५० लाख रुपैयाँको लागतमा परीक्षा हल बनाइने भएको छ । राष्ट्रिय योजना आयोगको आर्थिक सहयोगमा बनाउन लागिएको परीक्षा हलको बिहीबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विरेन्द्र संघाईले एक कार्यक्रमका बीच शिलान्यास गरेका छन् । १० हजार ६ सय स्क्वायर फिट परीक्षा हलमा एकै पटकमा १ हजार जनालाई राखेर परीक्षा लिन सकिने विद्यालयका प्रधानाध्यापक राजेश पाण्डेले जानकारी दिए । सोही योजना मार्फत छुट्टै शौचालय र भान्छाघर पनि बन्ने उनले बताए । शिलान्यास गरिएको परीक्षा हल बनिसकेपछि विद्यालयको पूरानो भवन भत्काएर खेल मैदान बनाउने तयारी छ । विद्यालयको आयस्रोत बढाउन वीरगञ्ज-पथलैया सडकखण्ड तर्फ सटर बनाएर भाडामा लगाउने योजना छ ।

### शीतलहरले जनजीवन कष्टकर

रौतहट । पुस महिना लागेसँगै तराईमा शीतलहर पर्न थालेपछि चिसो बढेर रौतहटलगायत मध्यतराईको जनजीवन कष्टकर हुन थालेको छ । जिल्लामा यसअघि चिसो र जाडो बढे पनि शीतलहरको प्रभाव थिएन तर शुक्रबारदेखि शीतलहर बढेको छ । शीतलहरका कारण बढेको जाडोले कठ्याङ्ग्रिएर मानवदेखि पशु चौपायासमेत प्रभावित छन् । अत्याधिक चिसोका कारण सबैभन्दा बढी बालबालिका र वृद्धवृद्धालाई असर देखिएको छ ।

### सडक मानवमुक्त प्रदेश बनाइने

विराटनगर । प्रदेश १ लाई वैशाखभित्र सडक मानवमुक्त प्रदेश घोषणा गर्ने तयारी थालिएको छ । सामाजिक विकास मन्त्रालयले विराटनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा वैशाखभित्र प्रदेशलाई सडक मानवमुक्त प्रदेश घोषणा गर्न अभियान सुरु गरिएको जानकारी दिएको हो । प्रदेश १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेका अनुसार राष्ट्रिय अभियानअन्तर्गत पुस ७ गतेदेखि प्रदेश १ का झापा, मोरङ र सुनसरीका सडकमा आश्रित व्यक्तिलाई उद्धार गर्ने काम थालिने छ । प्रदेश १ सरकारले तीन जिल्लाका सडकमा आश्रय लिइरहेका (सहयोगापेक्षी) व्यक्तिको उद्धार गर्ने काम ११ गते भित्र सक्ने योजना बनाएको छ ।

### व्यावसायिक विद्युत उत्पादन सुरू

रुपन्देही । निजी क्षेत्रबाट सञ्चालित देशकै ठूलो ग्रिड कनेक्टेड सोलार पावर आयोजनाले व्यावसायिक विद्युत् उत्पादन थालेको छ । रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले ८.५ मेगावाटको ग्रिड कनेक्टेड बुटवल सोलार पावर प्रोजेक्टको काम सम्पन्न गरी व्यवसायिक उत्पादन थालेको हो । कोरोना कहर र लकडाउन हुँदाहुँदै पनि कम्पनीले आयोजना सुरु गरेको एक वर्षमै काम सम्पन्न गरी विद्युत् उत्पादन सुरु गरेको हो ।

# मुलुक निर्माणका हरेक पाइलामा अवरोध गरेपछि ताजा जनादेश लिने निर्णय गरें : प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष केपी शर्मा ओलीले मुलुकको उन्नतिका लागि गरेका हरेक काममा अवरोधका कारण पार्टीको भविष्य जोगाउने अरु कुनै बिकल्प नभएपछि भारी मनका साथ आफूले ताजा जनादेश लिने निर्णय गरेको बताएका छन् ।

विघटित प्रतिनिधिसभाका सदस्यहरुको सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पार्टीका एकथरी नेताले पार्टीलाई जनताले सुम्पेको जनादेश बिर्सेर सधैं सरकारका काममा अवरोध मात्रै गरेको बताएका हुन् । उनले विचार, संगठन र गन्तब्यमा स्पष्ट विशाल पार्टी बनाउने उद्देश्य सफल पार्न आफू सक्रिय रहेको तर अर्का अध्यक्ष पुष्पकमल दाहाल र माधव नेपाल लगायतका नेताहरु सरकारका मुलुकको काममा अवरोध गरी बिग्रहतिरको बाटोमा अग्रसर भएको बताए ।

'हामी एकता एकीकरणका काम टुङ्ग्याएर सहमतिका साथ एकताको महाधिवेशन गर्ने, विचार, संगठन र गन्तब्यमा स्पष्ट पार्टी बनाउन सक्रिय थियौं । तर, उहाँहरु एकतामा भावनात्मक सम्मानका लागि गरिएको ब्यवस्थालाई दुरुपयोग गरेर पछाडी फर्कनै नसक्नेगरी समीकरणका आधारमा पार्टीलाई चिरा पार्ने र बिग्रह, बेमेलको वतावरण निर्माण गर्न अग्रसर हुनु भयो' प्रधानमन्त्री ओलीले भने, 'संसद् बिघटन मेरो निजी रोजाई होइन, पार्टीको आन्दोलन र भविष्य जोगाउन अरु कुनै बिकल्प नभएपछि भारी मनका साथ ताजा जनादेशका लागि जनतामा जाने निर्णय गर्नु पर्‍यो ।'

जनताले दिएको विश्वास पूरा गर्न अवरोध गरेपछि त्यस अवरोधलाई पनि जनतासमक्ष नै प्रस्तुत गर्न ताजा जनादेशको निर्णयमा पुग्नु परेको प्रसंग उल्लेख गर्दै प्रधानमन्त्री ओलीले जनताको मतबाट निर्णय लिने कदमलाई निरंकुश भनी कृतिम न्यारेटिभ खडा गर्ने प्रयास भएको पनि बताए ।

'अप्ठेरोमा जनतासमक्ष जानुलाई निरंकुश कदम भन्ने न्यारेटिभ चलाइएको छ, त्यो गलत छ' प्रधानमन्त्री ओलीले भने, 'जनताले जुन आदेश दिएर पठाएका थिए, त्यसलाई पूरा गर्न अवरोध खडा गरेपछि जनतामा जानु उच्च लोकतान्त्रिक कदम हो ।'

उनले सरकार गठन भएको केही समयदेखि नै मुलुकलाई समृद्ध बनाउने र जनतालाई सुखी बनाउने हरेक कदममा ब्यक्तिगत स्वार्थ तेर्स्याएर पाइला छेक्ने प्रयास भएको बताए ।

'एकतापछि पार्टीको सचिवालयका ७५ वटा सचिवालय बैठक भए, कुनै बैठकमा पनि देश, जनतासँग सम्बन्धित विषयमा छलफल गर्न उहाँहरु कहिल्यै राजी हुनु भएन, मेरा मान्छेलाई खोई, मलाई खोई, उधारो होइन हाताहाती चाहिन्छ भन्ने उहाँहरुको स्वार्थपूर्तिले घेरिनु पर्‍यो' प्रधानमन्त्री ओलीले भने, 'जस्तोसुकै दुश्प्रचारको सहारा लिए पनि जनताले यो कुरा बुझ्ेका छन् ।'

प्रधानमन्त्री ओलीले लामो समयदेखि लथालिङ्ग रहेको मुलुकको अवस्था सुधार्न गरिएका कामहरुलाई ओझेलल पार्न तिनै बेथितिका झिल्काहरु टिपेर मुलुक बर्बाद भएको भन्दै दुश्प्रचार भइरहेको बताए ।

'साढे दुई वर्षमा यतिधेरै अवरोधका बीच पनि विकास र समृद्धिका सुस्पष्ट योजनासाथ अघि बढ्यौं र यसमा सफलता पनि पाएका छौं । वर्षौदेखि पछौटे रहेको देश एकै पटक बनिसकेको हुँदैन, त्यही क्रममा बेथितिका झिल्का देखाएर केही नगरेको भन्ने प्रचारबाजी भए ।' प्रधानमन्त्रीले भने, 'सरकारले के गरिरहेको छ र त्यसलाई बदनाम गर्न के प्रचार भइरहेको छ जनताले बुझ्ेका छन् ।'

प्रधानमन्त्री ओलीले बिघटित प्रतिनिधिसभाका सदस्यहरुलाई निर्वाचन क्षेत्रमा केन्द्रि रहेर चुनावी तयारी गर्न निर्देशन दिए । 'तपाईंहरु अब निर्वाचन क्षेत्र जानुहोस्, हामीले गरेका अभूतपूर्व कामहरुलाई रोक्न भएका षडयन्त्रबारे जनतालाई बुझाउनुहोस्' प्रधानमन्त्री ओलीले भने, 'कसले काम गर्‍यो, कसले काम गर्न अवरोध गरेर षडयन्त्र तिकडम मात्र गर्‍यो, जनतालाई बुझाउनु पर्छ ।'

# निजगढ विमानस्थलको मुआब्जा वितरण

निजगढ । बाराको निजगढमा निर्माण हुन लागेको अन्तरराष्ट्रिय विमानस्थल क्षेत्रमा परेको जग्गामध्ये हालसम्म १४४ जग्गा धनीलाई रु ४४ करोड मुआब्जा वितरण गरिएको छ । निजगढ विमानस्थल निर्माण क्षेत्रमा रहेको ११० बिघा तीन कट्ठा जग्गामध्ये हालसम्म नेपाल उड्डयन प्राधिकरणले रु ४४ करोड मुआब्जा दिएर ६५ बिघा तीन कट्ठा १२ धुर जग्गा आफ्नो नाउँमा फिर्ता लिइसकिएको छ ।

देशमा कोरोना सङ्क्रमणका कारण नापी तथा मालपोत कार्यालय लामो समयदेखि बन्द रहेकाले मुआब्जा वितरण प्रभावित भए पनि अहिले सो मुआब्जा वितरण भइरहेको दोस्रो विमानस्थल आयोजना कार्यालय सिमराले जनाएको छ ।

मुआब्जा लिन बाँकी रहेका जग्गाधनीसँग निवेदन लिने कार्य भइरहेको विमानस्थल आयोजनाका निमित्त प्रमुख विजय यादवले बताए । मुआब्जा वितरण कार्यअन्तर्गत मुख्य सडकसँग जोडिएको जग्गाको प्रतिकट्ठा चार लाख ६० हजार, भित्री सडकसँग जोडिएको जग्गाको प्रतिकट्ठा दुई लाख ४९ हजार २५० र बाटो नभएको जग्गाको प्रतिकट्ठा दुई लाख चार हजार १५० रुपैयाँका दरले जग्गा धनीलाई मुआब्जा दिने गरेको बताइएको छ ।

तटबन्ध, मुआब्जा, नदी नियन्त्रण कार्य, विमानस्थल क्षेत्रमा जग्गाको तारबार पसहा तथा दशौया खोलामा तटबन्धलगायतका काममा हालसम्म ८० करोड रुपैयाँ खर्च भइसकेको छ । पाँच वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिएको सो आयोजनाले हालसम्म पूर्व तयारीको काम मात्र गर्न सकेको भए पनि मुख्य काम भने सुरु गर्न नसकिएको बताइएको छ ।

सङ्घीय सरकारको प्राथमिकतामा रहेको सो आयोजनाको धावनमार्ग निर्माण हुने मध्य भागमा टाँगिया बस्ती रहेकाले सो बस्तीलाई अन्य ठाउँमा हस्तान्तरणका लागि सरकारले वैकल्पिक स्थानको पहिचान र अध्ययन गरिरहेको छ । यसैबीच सो विमानस्थल निर्माणका क्रममा एक हजार ९०० हेक्टर क्षेत्रफललाई १२ वटा कार्य क्षेत्रमा विभाजन गरी वन क्षेत्रभित्र रहेको रुख र विद्युतीय खम्बाको गणना सुरु गरेको छ ।

पहिलो चरणमा डिभिजन वन कार्यालय बाराले २०० हेक्टर क्षेत्रफलमा रहेको ५७ हजार ३५० वटा खम्बा र रुख काट्नुपर्ने बताइएको छ । वन क्षेत्रभित्र ६० प्रतिशत विद्युतीय खम्बा र ४० प्रतिशत रुख काट्नुपर्ने कार्य चुनौतीपूर्ण रहेको छ । सोसम्बन्धी कार्य तीव्र गतिमा भइरहेको विमानस्थल आयोजना कार्यालय सिमराले जनाएको छ ।

# सामूहिक बलात्कारपछि आत्महत्या

राजविराज । सामूहिक बलात्कारको घटनाबाट पीडित १७ वर्षीया बालिकालाई आत्महत्या गर्न बाध्य पारेको आरोपमा फरार रहेका मुख्य पञ्च शत्रुघ्न मण्डल पक्राउ परेका छन् । पीडित परिवारलाई वयान परिवर्तन गर्न दवाव दिँदै गाउँघरमै बसेका आरोपितलाई राजविराज आएका बेला जिल्ला प्रहरी कार्यालय सप्तरीको टोलीले पक्राउ गरेको हो ।

सप्तरी जिल्ला अदालतले फरार रहेका मण्डलसहित नौ जना आरोपितलाई मङ्सिर २६ गते सात दिने पक्राउ पुर्जी जारी गरेको थियो । सात दिनभित्र पक्राउ भै नआएमा ३५ दिने पक्राउ पुर्जी तामेल गरी तदारुखताका साथ खोजतलाश गर्दै पक्राउ गरी अदालतमा उपस्थित गराउन इलाका प्रहरी कार्यालय कल्याणपुरलाई अदालतले पत्राचार गरेको थियो ।

प्रहरी चौकी प्रवाहाका प्रहरीले गाउँघरमै रहेका आरोपितलाई पक्राउ नगरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी आरोपित राजविराज आएको खवर गरेपछि मण्डल राजविराज ६ बाट पक्राउ परेका हुन् । पक्राउ परेका आरोपितलाई जिल्ला अदालतमा हाजिर गराइएको डिएसपी भुवनेश्वरप्रसाद साहले जानकारी दिए ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका-७ ललितपुरका १७ र १६ वर्षीय किशोरहरु, २७ वर्षीय धर्मदेव मण्डल र २५ वर्षीय बिसु भनिने विष्णु मण्डलले बलात्कार गरेको उजुरी गर्न पञ्चहरूले रोक लगाएपछि भदौ ३० गते आत्महत्या गरेको भन्दै पीडितकी आमाले इलाका प्रहरी कार्यालय, कल्याणपुरमा असोज १ गते उजुरी दिएकी थिइन् ।

प्रहरीले आत्महत्या दुरुत्साहनमा भदौ ३० गते शत्रुघ्नका दाजु ६५ वर्षीय जयकान्त, ६० वर्षीय बासुदेब मण्डल र ५० वर्षीय सत्यनारायण मण्डललाई तथा बलात्कारको आरोपमा दुई किशोरलाई असोज १ गते पक्राउ गरेको थियो ।

जिल्ला अदालतले १७ र १६ वर्षीय दुई आरोपितलाई असोज २७ गते पुर्पक्षका लागि बालसुधार गृह विरगञ्ज पठाउने आदेश गर्‍यो भने आत्महत्या दुरुत्साहन मुद्दामा जयकान्त, बासुदेव र सत्यनारायण जनही १ लाख १० हजार धरौटी राखेर पुर्पक्षका लागि रिहा गर्ने आदेश गर्‍यो । बलात्कारको आरोपमा अदालतले धर्मदेव र विष्णु मण्डल विरुद्ध तथा आत्महत्या दुरुत्साहनको आरोपमा शत्रुघ्न, उनका भाइ ४५ वर्षीय देबु मण्डल, ५५ वर्षीय झमेली मण्डल, ४५ वर्षीय उचितलाल मण्डल, ५५ वर्षीय रामजी भनिने बेचन मण्डल, ४५ वर्षीय बिन्देश्वर मण्डल र ४५ वर्षीय बंशराज मण्डलविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ ।

धानखेतमा पानीको अवस्था हेर्न गएकी पीडितमाथि सामुहिक बलात्कार भएको जानकारी दिंदै पीडितकी आमाले प्रहरी कार्यालय जान खोज्दा पञ्चहरू ५० वर्षीय शत्रुघ्न मण्डलको घरमा पञ्चायत बसी पञ्चहरुले पीडित पक्षलाई धम्क्याउँदै उजुरी गर्न रोकेको र आरोपितहरूबाट ५५ हजार क्षतिपूर्ति भराउने निर्णय गरेको पीडितकी आमाको आरोप छ । प्रहरीले कारवाही अगाडि बढाएपछि आरोपित पञ्चहरुले उजुरी फिर्ता लिन र वयान परिवर्तन गर्न पीडितकी आमालाई दवाव दिंदै आएका छन् ।


## नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

### यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११२७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## नेपाली बालक दिल्लीमा फेला



शिव (उमेर ४ वर्ष) नाम गरेको नेपाली बच्चा जनवरी २०१९ मा नयाँदिल्ली (भारत) मा भेटिएका थिए । उनको मातापिताको नाम भट्टे सिंह र राधे हो अनि भाइको नाम कांता सिंह । अहिले उनी नयाँदिल्लीको बाद कल्याण गृहमा छन् । बच्चाका आफन्तहरूले उनको जानकारीको लागि भारतीय दूतावास, काठमाडौं वा बाल कल्याण गृह, नयाँदिल्लीमा सम्पर्क गर्न सक्नुहुन्छ ।

**सम्पर्क:**

भारतीय राजदूतावास, काठमाडौं, नेपाल ।

वा

बाल कल्याण गृह, नयाँदिल्ली, भारत ।



## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com



## नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

### यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११२७ मा सम्पर्क गरी जानकारी गराउने ।



**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

## पाकिस्तानमा महिलाविरुद्ध हुने हिंसाप्रति ईयूको गम्भीर चिन्ता

ब्रसेल्स । पाकिस्तानमा महिलाविरुद्धका हिंसाप्रति युरोपियन युनियन (ईयू) ले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

ईयूका सांसदहरुले सेप्टेम्बरमा लाहोरमा क्रूर मोटरवे बलात्कारको घटनापछि पाकिस्तानमा महिलामाथि हुने हिंसाको घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेका हुन् । लाहोरको राजमार्गमा गाडी बिग्रिएपछि सहयोगको लागि पर्खिरहेकी महिलालाई उनकै बच्चाको अगाडि बलात्कार गरिएको थियो । लाहोरको सहर प्रहरी अधिकारीले उल्टै पीडितलाई दोष लगाएर विवाद उत्पन्न गराएको थियो । यसले अन्तर्राष्ट्रिय चिन्ता उत्पन्न गराएको थियो ।

आयोगका उपाध्यक्ष तथा विदेश मामिला तथा सुरक्षा नीतिका उच्च प्रतिनिधि जोसेप बोररेलसहित ईयूका प्रतिनिधिमण्डलले पाकिस्तान सरकारले महिला हिंसाविरुद्ध कडा कदम चाल्न नसकेको भन्दै निन्दा गरेका छन् । इयूले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सेप्टेम्बर २ मा युरोपेली संसदका सदस्य समीरा राफेला, करेन मेलचीयर, अबिर अल(सहलानी, रडका म्याक्सोवा, सिल्वी ब्रुनेट, इरेन टोलरेट, क्रिसौला जकारोपुलो, हल्डे वाउटमन्स र सुसाना सोलिस पेरेज, सबै राजनीतिक समूहले जोसेप बोररेललाई संसदीय प्रश्न पठाउनु भएको थियो । उक्त प्रश्नको जवाफसहित पाकिस्तानको घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ ।' बोरेलले पाकिस्तानमा भएको यौन हिंसाका घटनाको कडा निन्दा गर्छौं र उनीसँग ठोस कदम चाल्ने सम्बन्धमा पाकिस्तानलाई आग्रह गर्ने बताएका छन् । पाकिस्तानमा कुनै पनि वर्तमान र भावी योजनाहरु महिला अधिकारको प्रबर्धनमा आधारित हुने निश्चित भएपछि मात्रै सहयोग उपलब्ध गराइने उनले बताएका छन् । महिलाहिंसाविरुद्धका सम्पूर्ण हिंसातको उन्मुलनका लागि ईयूले पहल गर्नेछ ।

## चीनले म्यानमार र भारतमा अवैध हतियार पठाउँदा सुरक्षा खतरा बढ्यो

नयाँ दिल्ली । म्यानमार र भारतमा अवैध रूपमा चिनियाँ हतियारहरूको सहज प्रवाहले क्षेत्रीय सुरक्षामा खतरा बढेको गुप्तचर एजेन्सीहरुले जनाएका छन् ।

उनीहरुका अनुसार म्यानमारको सीमानामा विद्रोही समूहहरुलाई उक्साउनका लागि चीनले हतियार र गोलीहरू उपलब्ध गराउँदै आएको छ । यसबारे गुप्तचर एजेन्सीहरुले भारत सरकारलाई समेत सचेत गराएको जनाइएको छ ।

उनीहरुले भनेका छन्, 'प्रमुख विद्रोही समूहहरू आसाम, मणिपुर, नागाल्याण्ड र मिजोरमका चिनियाँ गुप्तचर एजेन्सीहरूसँग नियमित सम्पर्क राख्छन् र चिनियाँ हतियारबाट फाइदा उठाउँछन् ।' पूर्वोत्तर विद्रोही समूहलाई तालिम दिने, हतियार र गोलीको व्यवस्था गर्ने र निर्वासित आतंककारी र नेताहरुलाई सहयोग पुऱ्याउने काम भारतविरूद्ध चीनले लिएको कूटनीति-आतंकवादको पक्ष भएको उनीहरुको दाबी छ ।

भारतको उत्तरपूर्वी राज्यहरुबाट यस वर्ष मात्रै ४२३ अवैध हतियारहरु बरामद गरिएको सरकारी तथ्यांकले देखाएको छ । जसमा एके ४७, एम(१६ र चिनियाँ पेस्तोहरुसमेत रहेको जनाइएको छ ।

## बीबीआईएन मोटर सम्झौता अघि बढाउन भारत र बंगलादेश सहमत

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र बंगलादेशका प्रधानमन्त्री शेख हसिना उपक्षेत्रीय कनेक्टिभिटी परियोजना बीबीआईएन (भुटान, बंगलादेश, भारत र नेपाल) लाई सकेसम्म छिटो कार्यान्वयनमा ल्याउन सहमत भएका छन् ।

उनीहरुको बीचमा सो परियोजनामा भुटानले पछि सहभागिता जनाउने प्रावधान राख्ने सहमतिसमेत भएको छ । बिहीबार मोदी र हसिनाको बीचमा भएको उच्च वार्ताको क्रममा सो सहमति भएको हो । वार्तामा बंगलादेश, भारत र नेपालको बीचमा यातायात संचालनका लागि समझदारीपत्रमा सकेसम्म छिटो हस्ताक्षर गर्ने सहमति भएको छ । सो सम्झौतामा हस्ताक्षर भएपछि यात्रु र मालसामान बोकेको गाडीले एक अर्काको मुलुकमा निर्वाध प्रवेश पाउने छन् । तीन मुलुकको बीचमा सन् २०१५ मा मोटर भेहिकल सम्झौता भएको थियो । तर, सो सम्झौतालाई लिएर भुटानमा तीब्र विरोध भयो । तर भुटानमा अन्य मुलुकले गाडी र सामाग्रीहरु आफ्नो मुलुकमा आएमा त्यसले आफ्नो संस्कृति र अर्थतन्त्रलाई असर गर्ने सो सम्झौताको विरोध भयो ।

त्यहाँका राजनीतिक दलहरुको बीचमा नै फरक मत भएका कारण त्यहाँको संसदले सो सम्झौतालाई अनुमोदन गर्न सकेको छैन । अन्य मुलुकका संसदले सो सम्झौता अनुमोदन गरिसकेका छन् । भुटान तत्काल सामेल हुन नसक्ने भएपछि अन्य तीन मुलुक अगाडि बढ्न सहमत भएका हुन् ।

सम्झौताका लागि नेपाल तयार भएपनि भारत र भुटानको बारेमा केही विषय रहेका कारण कार्यान्वयनमा ढिलाइ भएको हो ।

## पछिल्लो समय चीनमा पत्रकार धमाधम पक्राउ

काठमाडौं । चीनमा पछिल्लो समय पत्रकार पक्राउका घटना बढ्दै गएका छन्। केहीअघि डिसेम्बर १६ का दिन चिनियाँ पत्रकार एवं फिल्म निर्माता डु बीनलाई त्यहाँका अधिकारीहरुले पक्राउ गरेका थिए । उनलाई झगडा तथा विवाद गरेको आरोपमा पक्राउ गरिएको जनाइएको छ ।

चिनियाँ नागरिकको अभिव्यक्ति स्वतन्त्रताको अधिकार अनुरुप डुलाई तत्काल रिहाई गर्न अन्तर्राष्ट्रिय पत्रकार संगठन (आईएफजे)ले आग्रह गरेको छ । ४८ वर्षीय डुले यसअघि न्युर्योक टाइम्सका लागि स्वतन्त्र फोटो पत्रकारका रुपमा काम गरेका थिए । बेइजिङ प्रहरीले डुलाई पक्राउ गरेको उनकी बहिनीले बताएकी छन् । यद्यपी पत्रकार पक्राउका पछाडि उनले सोभियत नेता भ्लादनिर लेनिनमाथि लेखिरहेको पुस्तकको कारण हुनसक्ने ठानिएको छ ।

यो पुस्तक सन् २०२१ मा प्रकाशन हुने तयारीमा छ । साउथ चाइना मर्निंग पोष्टका अनुसार डुलाई राजनीतिज्ञ एवं यो क्षेत्रमा आधारित पुस्तकहरु प्रकाशन गरेको भन्दै छानबिनमा राखिँदै आएको थियो । यसबाहेक केहीअघि मात्रै उनका ट्विटरका पोष्टहरु समेत छानेर हटाइएको बताइएको छ । डुलाई कस्ता लेख एवं पुस्तक लेखेको छ भनेर सोधपुछ समेत गरिएको बताइएको छ । पछिल्लो समय चिनियाँ अधिकारहिरुले सामाजिक सञ्जाल एवं मिडियामाथिको नियन्त्रण बढाउँदै लगेका छन् ।

कोरोना भाइरसको माहामारीका बेला दजनौं पत्रकारहरुलाई पक्राउ गरिएका घटनाहरु बाहिरिएका छन् । गत हप्ता चिनियाँ अधिकारीहरुले ब्लुमबर्गका बेइजिङ ब्युरोका पत्रकार हाजे फानलाई समेत पक्राउ गरेको आइएफजेले जनाएको छ । राष्ट्रिय सुरक्षा सम्बन्धी आरोपमा उनलाई पक्राउ गरिएको थियो । यसबाहेक चिनियाँ मुलकी अष्ट्रेलियन पत्रकार छेंग लिलाई समेत गत अगस्तमा चिनियाँ अधिकारीहरुले पक्राउ गरेका थिए । आईएफजेले पत्रकारको स्वतन्त्रता र प्रेस स्वतन्त्रताको दमनको अन्त्यको गर्दै डुलाई तत्काल रिहाई गर्न आह्वान गरेको छ ।

## पाकिस्तानमा धार्मिक घृणा फैलाउने काम तीव्र

इस्लामावाद । पाकिस्तानमा धार्मिक घृणा फैलाउने काम सरकारले नै गरिरहेको छ । पाकिस्तानको लाहोर सहरमा सिखको प्रतिमा महाराजा र जीत सिंहको मूर्ति तोडफोड गरिएको छ । यही उपक्रम अन्तर्गत लाहोरमा रहेको महाराजा रञ्जित सिंहको मूर्ति तोडफोड गरिएको छ । उक्त मूर्ति तोडफोड गरेको भन्दै चर्को आलोचना भइरहेको छ भने पाकिस्तानी जासुसी एजेन्सी आईएसआई र खालिस्तानीबीच पनि विवाद उत्पन्रुन भएको छ । पाकिस्तानमा सिख पहिचानसम्बन्धी अपमानजनक तत्वको कार्य र महाराजा विरोधी रणजीत सिंह कथनलाई धक्का दिने प्रयासले आईएसआई र खलिस्तानवासीबीचको विवाद चर्किएको छ ।

खालिस्तानवादीहरूको एउटा समूहले “ग्रेटर खालिस्तान“ माग गर्दै पाकिस्तानको पञ्जाबलाई लाहौरको राजधानी बनाउने योजना बनाइरहेका छन् । यी समूहहरूले सिख समूहहरूलाई खालिस्तानको नयाँ नक्शा जारी गर्न र पाकिस्तानी पञ्जाब र खैबर पख्तूनख्वाको क्षेत्रलाई खालिस्तानको हिस्सा भनेर दावी गर्न नयाँ आन्दोलन सुरु गर्न माग गरिरहेका छन् । यसैबीच सिख इतिहासकार, लेखक र फिल्म निर्माता बोबी सिंह बंसलले डन न्यूजलाई बताएका छन कि पञ्जाबको समृद्ध सिख इतिहासको बारेमा अनजान रहने मानिसहरुमा यो घटनाले निन्दा गरेको छ ।

तीनै तहकार सरकार

जिम्मेवार, अन्त्य गरौं

लैंगिक हिंसा र दुर्व्यवहार

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## ३० मेगावाट बिजुली निर्यात हुने

काठमाडौं । सरकारले आगामी असारदेखि नेपालमा उत्पादित ३० मेगावाट बिजुली भारतमा निर्यात गर्ने भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले आगामी असारदेखि नेपालमा उत्पादन भएको ३० मेगावाट बिजुली भारतमा निर्यात गर्ने तयारीमा जुटेको बताएका छन् । 'असारदेखि कात्तिकसम्म उत्पादित बिजुली निर्यात गर्न लागिएको हो,' मन्त्री पुनले भने। बर्खाको समयमा नेपालमा उत्पादित बिजुली धेरै हुने भएकाले भारतीय बजारको खोजी गरिएको मन्त्री पुनले बताए । नेपालका अधिकांश जलविद्युत् आयोजना नदी प्रवाहमा आधारित भएकाले बर्खाका बेला पूर्ण क्षमतामा बिजुली उत्पादन हुने गर्छ ।

मन्त्री पुनले भारतीय पिटिसिएन कम्पनीमार्फत बिजुलीमार्फत निर्यात गर्न लागेको बताए । 'आगामी असारदेखि २४सै घन्टा चार महिना बिजुली निर्यात गर्नेछौं,' उनले भने, 'नेपालमा उत्पादन भएको बिजुली भारतको पञ्जाब क्षेत्रमा निर्यात गरिनेछ ।' भारतीय पक्ष बिजुली खरिद गर्न इच्छुक देखिए पनि मूल्य भने अहिलेसम्म टुंगो नलगाएको उनले बताए । 'भारतीय पक्षले रेट पठाएपछि आवश्यक टुंगो लगाउनेछौं,' उनले भने ।

४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भएसँगै नेपालमा उत्पादन भएको बिजुली नियमित रूपमा भारत निर्यात गर्न सकिने मन्त्री पुनको भनाइ छ ।

## जिल्ला समाचार

### मन्दिरको डीपीआर तयार

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहको घोषणाबमोजिम पुजारी श्रीराम साहको हत्या गरिएको स्थानमा बन्ने मन्दिरको डीपीआर तयार भएको छ । रौतहटको माधव नारायण नगरपालिका-२, खेसरहियास्थित हनुमान मन्दिरका ६६ वर्षीय पुजारी श्रीराम साहको गोली हानी हत्या भएपछि नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका सांसद साहले उक्त स्थानमा हनुमान मन्दिर र मठ बनाउने घोषणा गरेका थिए । लगत्तै मौलापुर नगरपालिकाकी नगरप्रमुख रीनाकुमारी साह तथा माधव नारायण नगरपालिकाकी उपप्रमुख सिमल कुमारी साहले शिलान्यास गरेकी थिइन । डीपीआर तयार भएसंगै अब मन्दिर र मठको कार्य प्रारम्भ भएको छ । गत भदौ ३ गते बेलुका खाना खाइरहेको बेला कन्चटमा गोली हानेर पुजारी श्रीराम साहको हत्या गरिएको थियो । आफ्नो नीजि जीवनप्रतिको स्वार्थ परित्याग गरी सन्त बनेर समाजिक जीवन बिताइरहेका पुजारी साहप्रति सांसद साहले सम्मान स्वरुप मठ र मन्दिर निर्माण गर्ने घोषणा गरेका थिए ।

### पार्टीहरू असफल : जनमत

नेपालगन्ज । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले जनताले मत र विश्वास दिएर पठाएका पार्टीहरु असफल भइसकेको ठहर गरेको छ । जनमतका केन्द्रीय सदस्य अब्दुल खानले आइतबार एक विज्ञप्ति जारी यस्तो बताएका हुन् । 'नेपालको संघीय सदन कार्यकालभन्दा अगाडि नै विघटन हुनु नितान्त दु:खद घटना हो ।' विज्ञप्तिमा भनिएको छ । विषयमा जनमत पार्टीले संविधानविद्हरूसँग परामर्श लिइराखेको र पार्टीको स्थायी समितिले समेत यस विषयमा छलफल गरिराखेको जनाएका छन् । नेता खानले विज्ञप्तिमा भनेका छन्, 'जनताले मत र विश्वास दिएर पठाएका पार्टीहरू देश, प्रदेश र स्थानीय तहहरू चलाउन पूर्ण रूपमा असफल भएको, भ्रष्टाचारलाई घर-घरमा पुऱ्याएको, भागबण्डा र आपसी लुछाचुँडको राजनीतिले देशलाई बन्धक बनाएको कुराको परिणामको रूपमा नै संघीय सदन विघटन हुनुपरेको हाम्रो अहिलेको ठहर छ ।' पटक-पटक परीक्षण भएर असफल भइसकेका भ्रष्ट पार्टी र नेताहरूलाई आगामी निर्वाचनमा परास्त गर्दै जनमत पार्टीलाई भारी बहुमतले जनादेश दिएर जनसम्प्रभुता तथा सामुदायिक स्वराज कायम गर्न जनतासँग अनुरोध गरेका छन् ।

### झुलाघाट नाकामा आवतजावत खुकुलो

काठमाडौं । भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाकामा आवतजावतमा केही खुकुलो बनाइएको छ । यसअघि सरकारले मङ्सिर ३० गतेसम्म अन्तर्राष्ट्रिय नाका बन्द गर्ने निर्णय गरेकोमा फेरि बन्द गर्ने कि नगर्ने भन्ने निर्णय नगर्दा नाकामा आवतजावतमा खुकुलो बनाइएको हो । आकस्मिक कामका लागि सहजै आवतजावत गर्न दिइएको बैतडीका सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले जानकारी दिए । जिल्ला प्रशासन कार्यालय बैतडी र भारतको पिथौरागढस्थित उपजिल्ला अधिकारीको कार्यालयबीचको सहमतिमा आवतजावतमा खुकुलो बनाइएको छ, उनले भने, आकस्मिक काम परेका व्यक्ति, बिरामी, भारतीय कर्मचारी, भारतीय सेनाका जागीरेलाई आवतजावत गर्न दिइएको छ । भारतमा मजदुरीका लागि जानेका लागि भने अहिलेलाई भारतको तर्फबाट अनुमति दिइएको छैन । नेपालको तर्फबाट मजदुर पनि जान दिइएको भए पनि भारतले मजदुरीका लागि जाने नेपाली कामदारलाई जान नदिएको जिल्ला प्रशासन कार्यालय बैतडीले जनाएको छ । उत्तराखण्ड प्रदेशमा अझै कोरोनाको जोखिम कायम रहेकाले भारत सरकारले उक्त प्रदेशका नाकामा कडाइ गरेको जनाइएको छ । मजदुरीका लागि भारत जानेलाई हाललाई सुदूरपश्चिमको गड्डाचौकी र त्रिनगर नाकाबाट जान दिइएको छ ।

### जेन्टा क्लबद्वारा साइकल वितरण

धनुषा । महिला अधिकार र सशक्तीकरणका लागि काम गरिरहेको गैर–सरकारी संस्था, जोन्टा क्लब काठमाडौंले धनुषामा बालिकाहरुलाई सशक्त पार्ने पहलमा हेमिस्फियर फ्याशन र टीच फर नेपाल (टीएफएन) को सहयोगमा ५० वटा साइकल वितरण गरेको छ । धनुषाका ४ वटा विभिन्न विद्यालयका ५० जना बालिकालाई टीएफएनका फेलोहरुले आर्थिक पृष्ठभूमिमा आधारमा उत्कृष्ट गर्न सक्षम र मेहनती विद्यार्थीहरूलाई चयन गरेर वितरण गरिएको जनाइएको छ । क्लबले ५ देखि कक्षा ८ सम्मका बालिकालाई जनता मा.वि., कजरा, रमौल परिसरमा साइकल वितरण गरेको क्लबले जनाएको छ । क्लबकी अध्यक्ष सीमा गोल्छाले यी साइकलले बालिकाहरूको शिक्षालाई निरन्तरता दिन मद्दत गर्ने बताइन् ।

### महानगरपालिकाद्वारा जग्गा खरिद

पर्सा । वीरगन्ज महानगरपालिकामा रहेको कब्रिस्तानमा आवत जावतको लागि समस्या भएपछि वीरगञ्ज महानगरपालिकाले सडकको लागि जग्गा खरिद गरेको छ । महानगरको वडा नम्बर ३ स्थित कब्रिस्तानमा जाने सडक नहुँदा आवत जावत गर्नको लागि बाटो निर्माण गर्न जग्गा खरिद गरेको हो । कब्रिस्तानमा बाटो नहुदा समस्यामा परेका मुस्लिम समुदायलाई वीरगन्ज महानगरपालिकाले सडकको लागि जग्गा खरिद गरि दिएको हो । वस्ती बस्न सुरु भएदेखि नै मुस्लिम समुदायले स्थापना गरेको कब्रिस्तानसम्म जाने सडक नहुँदा स्थानीयबासीहरुले निजी जग्गाको बाटो प्रयोग गर्नु परेको थियो । करिब १ विगाह क्षेत्रफलमा रहेको कब्रिस्तानको लागि सधिँयारमा रहेका विशाल श्रेष्ठको ५ धुर जग्गा २२ लाख ५० हजारमा वीरगन्ज महानगरपालिकाले खरिद गरि दिएको हो । वीरगन्ज महागनरपालिका वडा नम्बर ३ का वडाध्यक्ष बैजु स्वर्णकार सहित वडाका मुस्लीम समुदायले महानगरपालिकामा समस्या राखेपछि नगर प्रमुख सरावगीको पहलमा जग्गा खरिद गरिएको वडा अध्यक्ष स्वर्णकारले बताए ।

### उखु किसान आन्दोलनको समर्थनमा धर्ना

जनकपुरधाम । उखु किसानको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै किसानका नेताहरुले जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडि धर्ना दिएका छन् । काठमाडौं गएर भुक्तानी माग गरिरहेका उखु किसानको अबिलम्ब भुक्तानी दिनुपर्ने माग राखेर जनता समाजवादी पार्टी निकटको किसान संगठनका नेताहरुले बिहीबार जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका हुन् । उखु किसानको बक्यौता रकम अबिलम्ब उपलब्ध गराउनुपर्ने, समर्थन मूल्य अनुसार किसानको धान खरीद गर्नुपर्ने, समयमै किसानलाई मल, खाद्य र बिउ सहुलियत दरमा उपलब्ध गराउनुपर्ने माग उनीहरुले राखेका छन् । यस्तै, उखु किसानको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै जनकपुरधाममा युवाहरुले प्रदर्शन गरेका छन् । उखु किसानको बाँकी बक्यौता दिनुपर्ने माग राख्दै जनता समाजवादी पार्टी निकटका युवाहरुले प्रदर्शन गरेका हुन् । उनीहरुले किसानको बक्यौता अबिलम्ब दिनुपर्ने र सरकारले ल्याएको संवैधानिक परिषद् अध्यादेश खारेजीको माग समेत गरे । प्रदर्शनकारीले उखु किसानको माग पूरा गर, केपी ओली शर्मा प्रधानमन्त्रीबाट राजिनामा दे, केपी ओली मुर्दावाद, होली हटाउ देश बचाउ' जस्ता नारा लगाएका थिए ।

### अदालतको फैसलाविरुद्ध आन्दोलन गर्ने

धनगढी । उच्च अदालत दिपायलले थारु नेता लक्ष्मण चौधरीसहित थप ११ जनालाई आजीवन जन्मकैदको फैसला सुनाएपछि कैलालीका थारु नेताहरु आक्रोशित भएका छन् । उनीहरुले अदालतको फैसलाविरुद्ध आन्दोलन गर्ने चेतावनी पनि दिएका छन् । बिहीबार उच्च अदालत दिपायलले कैलालीको टीकापुर घटनामा मुछिएका लक्ष्मण थारुलाई जन्मकैदको फैसला गरेपछि मोर्चाले आन्दोलन गर्ने घोषणा गरेको हो । २०७५ फागुन २२ गते जिल्ला अदालत कैलालीले गरेको फैसलालाई उल्टाउँदै बिहीबार उच्च अदालतले लक्ष्मण थारुसहित १० जनालाई आजीवन कैद फैसला गरेपछि शुक्रबार धनगढीमा पत्रकार सम्मलेन गरेर थारु नेताहरुले अक्रोश पोखेका छन् । उनीहरुले २०७२ भदौ ७ को घटना लगत्तै भदौ ८ टीकापुरमा थारुका घरमा आगो लगाउनेलाई किन कारबाही भएन? भन्दै प्रश्न गरेका छन् । उनीहरुले राज्यले घरमा आगो लगाउनेलाई कारबाही नगरे थारुले नै अपराधी पत्ता लगाई कारबाही गर्ने चेतावनीसमेत दिएका छन् ।

### बुटवलमा टुरिजम क्लब गठन

रुपन्देही । नेपालमा पर्यटक भित्र्याउने लक्ष्यसहित बुटवलमा पर्यटन क्षेत्रमा आबद्ध व्यवसायीले लायन्स क्लब अफ डायनामिक टुरिजम क्लब गठन गरेका छन् । रुपन्देहीमा होटल व्यवसायमा आबद्ध व्यवसायीको मात्र सहभागितामा गठन गरिएको डाइनामिक टुरिजम क्लबमार्फत पर्यटनको क्षेत्रमा बहुआयामिक रुपमा काम गर्ने लक्ष्य अगाडि बढाउने बताइएको छ ।

### नगर रिङरोड शिलान्यास

धनगढी । केलालीको घोडाघोडी नगरपालिकामा रिङरोड निर्माणका लागि मङ्गलबार शिलान्यास गरिएको छ । एक वर्षमा निर्माण सम्पन्न हुने गरी निर्माण हुने रिङरोडको शिलान्यास गर्दै घोडाघोडि नगरपालिकाका प्रमुख ममता प्रसाद चौधरीले समपूरक अनुदानअन्तर्गत राष्ट्रिय योजना आयोगको योजनामा रिङरोड पर्न सफल भएको बताएकी छन् । बहुवर्षीय योजनाअन्तर्गत १३ किलोमिटर नगर रिङरोडको क्षेत्रफल रहेकोमा पहिलो वर्षमा तीन किलोमिटरका लागि टेन्डर गरेर निर्माण कार्य अगाडि बढाइएको प्रमुख चौधरीले जानकारी दिइन् ।

### आगलागीबाट लाखौंको क्षति

कपिलवस्तु, यशोधरा गाउँपालिका(६ पुन्निहवा बस्ने पारस पासवानको किराना पसल अगाडि आगो ताप्न बालेको आगो सल्कन गई उनको पसलमा आइतबार राति आगलागी हुँदा करिब १ लाख ८५ हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । स्थानीयबासीको सहयोगमा आगो नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## कला / साहित्य

कमल मण्डल



# 'मिथिला हमर जान' भिडियो हुँदै

लकडाउन समाप्तिपछि मैथिली गीत संगीतको क्षेत्रमा पनि एकसेएक नयाँ-नयाँ कलाकारहरुको आगमनसँगै नयाँ-नयाँ प्रविधि प्रयोग गरेर म्यूजिक भिडियोहरु धमाधम निर्माण भईरहेको छ। त्यसैक्रममा एकजना युवा कलाकार तथा निर्माता भरत साहको नाम पनि चर्चामा रहेको छ। जसले एकसेएक गीत संगीत निर्माण गरेर धेरै नव आगन्तु कलाकारहरुलाई यस क्षेत्रमा स्थापति पनि गराइरहेको देखिन्छ, चाहे लगानीको हिसाबले होस् चाहे प्राविधिक रुपले। मैथिली गीत संगीतको क्षेत्रमा कम समयमा धेरै जना कलाप्रेमीको मन जित्न सफल भएका छन्। यसै क्रममा हालसालै मैथिली र मिथिलाको बखान गर्दै निकै सुमधुर गीतको भिडीयो बजारमा रिलिज गर्न लागेका छन्। 'मिथिला हमर जान' बोलको गीत भरत फिल्म्सको चैनालमा रिलीज हुन लागेको यस गीतको गीतकार समिर खान, त्यस्तै मनोज भोले यादव र ससी झाको सुमधुर आवाजमा सजिएको मिथिला हमर जानमा मिथिलाको नाम चलेका कलाकारहरुको अभिनय रहेको छ। हास्य कलाकार कृष्णा कुमार, लव कुमार, राम सरोज, लक्ष्मण मण्डल, दिनेश सिंह, प्रकाश सुबेदी, दिनेश महरा, सरोज संत, शशि झा, राजीव संगम, मनोज भोले लगायत अन्य हिट कलाकार रहेको यस गीतमा संजय साहको निर्देशन रहेको छ।




# जनकपुर-जयनगर रेल सञ्चालनको मस्यौदा तयार

काठमाडौं। सीमापार जयनगर-कुर्था (जनकपुर) रेलमार्ग सञ्चालनबारे नेपाल र भारतबीच 'स्टान्डर्ड अपरेटिङ प्रोसिड्योर'बारे सहमति जुटेको छ। रेल-वे सञ्चालनका लागि भारतले प्रोसिड्योर चाँडो टुंग्याउन जोड दिँदै आएको छ।
रेलमार्ग सहकार्य सम्बन्धी भारत-नेपाल संयुक्त कार्यदलले 'स्टान्डर्ड अपरेटिङ प्रोसिड्योर'को मस्यौदा तयार गरेको छ। दुवै देशमा सरकारले स्वीकृत गरेर हस्ताक्षर भएपछि रेलमार्गमा रेल चलाउने कानुनी बाटो खुल्नेछ।
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार 'स्टान्डर्ड अपरेटिङ प्रोसिड्योर'मा भारतले प्रस्ताव गरेको प्रक्रिया र व्यवस्थाबारे नेपालले आफ्नो प्रतिक्रिया दिएपछि मस्यौदमा सहमति जुटेको हो। मन्त्रालयका एक अधिकारीहरुका अनुसार सन् २०१४ देखि बन्द रहेको यो रेलमार्ग फेरि कसरी सञ्चालन गर्ने भन्ने व्यवस्थासहित प्रोसिड्योरको मस्यौदा तयार भएको हो। अन्तरदेशीय रेलमार्ग भएकाले मुख्यतया: भन्सार, अध्यागमन, सुरक्षा व्यवस्था, सूचना केन्द्र लगायतका पूर्वाधारहरु आवश्यक पर्छ। तर, जनकपुर-जयनगर रेलमार्गमा यस्ता पूर्वाधारहरु तयार भएका छैनन्। प्रोसिड्योरमा क्रमैसँग यस्ता आवश्यक पूर्वाधार राख्दै रेल चलाउने व्यवस्था गरिँदैछ। भन्सार पूर्वाधार नेपालको इनर्वा स्टेसनमा राख्ने सहमति भएको छ।
अब रेल सेवामा कार्यरत नेपाली कर्मचारीहरुको क्षमता विकास गर्न तथा नेपालको आवश्यकताअनुसार कर्मचारीहरुलाई नेपाल र भारतमा प्रशिक्षण दिन बैठकमा भारत सहमत भएको छ।
जनकपुर-जयनगर रुटमा चलाउन तामझामसहित असोज पहिलो साता नेपाल आइपुगेका दुई वटा रेलहरु अहिले इनर्वामा त्रिपाल ओढाएर पार्किङमा राखिएका छन्। नेपाल रेल्वे कम्पनीले यी रेल धनुषाको इनर्वामा पार्किङमा राखिएका छन्।
सन् २०१९ को मे महिनामा ८४ करोड ६५ लाख रुपैयाँमा भारतको सरकारी कम्पनी कोंकण रेल्वे कर्पोरेसनसँग २ वटा रेल किन्ने सम्झौता भएको थियो। भन्सार र मूल्य अभिवृद्धि कर तिर्दासम्म यी रेल किन्न १ अर्ब ३ करोड रुपैयाँ खर्च भएको छ।
३४ किलोमिटरको जनकपुर-जयनगर रेलमार्गमा ब्रोड गेज विस्तारका लागि सिभिलतर्फका सबै काम २०७५ सालमा नै सकिएको थियो। सरकारले २०७५ को पुसबाट नै जनकपुर(जयनगर रुटमा रेल चलाउने घोषणा गरेको थियो। तर, विभिन्न प्राविधिक ढिलाइको कारण देखाउँदै ढिलाइ हुँदै आएको छ।
कुर्था-जयनगर रेलमार्ग ब्रोडगेजमा विस्तार गर्न ३८० करोड रुपैयाँ खर्च भएको भारतले बताएको छ। अब कुर्थादेखि बिजलपुरासम्म २०० करोड खर्चेर बाँकी खण्डको काम गर्ने भारत सरकारको योजना छ।

# भारतको सिलगढी र नेपालको चारआली पेट्रोलियम पाइपलाइनको काम अघि बढ्दै

झापा। झापाको मेचीनगरपालिका- १३ स्थित चारआलीमा सिलगढी-चारआली पेट्रोलियम पाइपलाइनको काम अघि बढाइएको छ।
चारआलीमा २३ बिघा क्षेत्रफलमा ४० हजार किलोलिटर पेट्रोलियम पदार्थ भण्डारणका लागि संरचना निर्माणको काम अघि बढेको हो। २०७३ मा नेपाल आयल निगमले खरिद गरेको जग्गामा भण्डारण गृह निर्माण प्रक्रिया शुरु भएको निगमका चारआलीका प्रमुख मनिष न्यौपानेले जानकारी दिए। उनका अनुसार उक्त भण्डारणमा १२ हजार ५० किलोलिटर पेट्रोल, २८ हजार ५० किलोलिटर डिजेल, चार सय किलोलिटर मट्टितेल र एक हजार २५० किलोलिटर हवाई इन्धन भण्डारण गर्न मिल्ने गरी डिपो निर्माण हुनेछ।
पेट्रोलियम पाइपलाइनको काम आगामी फागुनबाट शुरु हुने भएको छ। पचास किलोमिटर पाइपलाइनको काम शुरु गर्न सोमबार रुट पहिचान (सर्भे) सकिएको छ।
करिब रु १० अर्बको लागतमा तीन वर्षभित्र सम्पन्न हुने यस परियोजना दोस्रो अन्तरदेशीय पेट्रोलियम पाइपलाइनको हो। पाइपलाइनको लागत खर्च आ-आफ्नो सीमाभित्र सम्बन्धित देशले नै व्यहोर्ने बताइएको छ।
सर्भे अनुसार पाइपलाइन भारतको सिलगढीबाट पानीट्याङ्किको दक्षिण भेग हुँदै नेपाल-भारत सीमा मेची खोलामुनिबाट नेपाल प्रवेश हुनेछ। यसपश्चात् पूर्व-पश्चिम राजमार्गबाट हुँदै निगमको चारआली डिपोमा भण्डारण गरिने प्रमुख न्यौपानेले बताए।
इण्डियन आयल कर्पोरेशन (आइओसी)को सिलगढी डिपोदेखि निगमको झापा, चारआलीस्थित कार्यालयसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन विछ्याइने निगमका कार्यकारी प्रमुख सुरेन्द्रकुमार पौडेलले जानकारी दिए।
आइओसी टोलीसँग मिलेर विस्तृत सर्भे गरिएको उनले जानकारी दिए। भण्डारण गरिएको पेट्रोलियम पदार्थले प्रदेश १ मा ९० दिनसम्म आवश्यक पर्ने मागलाई धान्ने निगमले जनाएको छ। भण्डारण गृह पूर्व-पश्चिम राजमार्गबाट करिब दुई किलोमिटर दक्षिणमा रहेको छ।चालित परियोजनाहरूको बारेमा छलफल भएको जनाइएको छ।

# 'नेपाल-भारत पार्टनरसिप समिट' हुने



काठमाडौं। नेपाल-भारत उद्योग वाणिज्य संघले भारतीय लगानी भित्र्याउन पहल गर्न लगानी बोर्डलाई आग्रह गरेको छ।
संघको प्रतिनिधि मण्डलले लगानी बोर्डका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत सुशील भट्टसँग भेटवार्ता गर्दै यो विषयमा ध्यानाकर्षण गराएको हो। संघले भारतबाट भित्रिने लगानी विस्तारै घट्दो क्रममा रहेकाले त्यसलाई बढाउने विषयमा पहल गर्न आग्रह गरेको हो। भारतीय लगानी भित्र्याउन भारतीय संघले द्विपक्षीय 'नेपाल-भारत पार्टनरसिप समिट' आयोजना गर्न लागेको जनाएको छ। यो समिट एक वर्ष भारतमा र अर्को वर्ष नेपालमा गर्ने लक्ष्य राखिएकोमा लगानी बोर्डलाई प्रमुख साझेदारको रूपमा सहभागी हुन प्रस्तावसमेत गरिएको थियो।
यसको माध्यमबाट नेपालमा लगानी गर्न चाहने भारतीय लगानीकर्ताको लागि सहजीकरणका लागि भारतको दिल्लीमा 'नेपाल इनोभेसन सेन्टर' स्थापना गर्न लागिएको पनि जानकारी गराइएको छ। यसका लागि पनि लगानी बोर्डले आवश्यक सहयोग गर्नुपर्ने प्रस्ताव संघले गरेको छ।
संघले भारतीय दूतावासलाई सहभागी गरी त्रिपक्षीय सम्झौताको सहयोगमा भारतीय लगानी भित्र्याउन कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन लगानी बोर्डले सहमतिका साथै साझेदारीको भूमिकासमेत निर्वाह गर्नुपर्ने आग्रह गरेको छ।

# भारतले कोरोनाको करोडौं खोप उत्पादन गर्दै

काठमाडौं। भारतले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप विकास गर्ने काम गरिरहेको छ। भारतले विकास गरिरहेको खोप अन्तिम चरणमा रहेको बताइएको छ। भारतले विश्वलाई नै सहयोग पुग्ने गरी करोडौं डोज खोप उत्पादन गर्ने प्रतिवद्धता जनाएको छ।
भारतले आफ्नो मुलुकको स्वास्थ्यका लागि मात्र नभएर विश्वव्यापी प्रयोजनका लागि खोप उत्पादन गर्ने भएको बताउँदै आएको छ। कोरोना महामारी विरुद्धको सामूहिक लडाइँमा भारतले छिमेकी मुलुकहरुसहित विश्वलाई नै खोप उपलब्ध गराउनु आफ्नो दायित्व भएकोसमेत बताएको छ।
कोरोना महामारी विरुद्धको विश्वव्यापी लडाइँमा भारत विश्वको फार्मेसीको केन्द्र बनिरहेको छ। यसअघि पनि भारतले कोरोनाविरुद्धको उपचारमा प्रभावकारी मानिएको हाइड्रोक्सिक्लोरोक्वाइन र रेम्डेसिभिर पनि अमेरिकासहित विश्वका विभिन्‍न मुलुकहरुलाई उपलब्ध गराएको थियो। भारतले विश्वका विभिन्‍न मुलुकहरुलाई अन्य स्वास्थ्य उपकरणहरु पनि सहयोग गरिरहेको छ।
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २४ मार्चमा पहिलो पटक लकडाउन घोषणा गर्दा देशभर कुल कोरोना भाइरस संक्रमितको संख्या ५०० मात्र थियो। प्रधानमन्त्री मोदीले उपयुक्त समयमा लकडाउनको घोषणा गरेका थिए। यदि लकडाउन ढिलो गरिएको भए वास्तवमै त्यो लकडाउनले उपयुक्तरुपमा काम गर्नसक्ने अवस्था हुँदैनथ्यो। अहिलेसम्म मुलुकभरका सम्पूर्ण अस्पतालहरु भरिसकेका हुने त्यहाँका स्वास्थ्य अधिकारीहरु बताउँछन्। भारत सरकारले कोरोना महामारीका समयमा आफ्नो मुलुकसहित विश्वभर संकट व्यवस्थापनका लागि ठूलो पहल गरेको छ।

# बंगलादेशमा रवीन्द्रनाथ टेगोरको पैतृक घरलाई भारतले पुनर्निर्माण गर्दै

कोलकाता। बंगलादेशको ढाकास्थित भारतीय उच्चायोगले साहित्यमा नोबेल पुरस्कार बिजेता रवीन्द्रनाथ टेगोरको कुतिबारी संग्रहालयको पुनर्निर्माणको काम थालनी गरेको छ। यो संग्रहालय कुनै समय टेगोर परिवारको पैतृक घर थियो। भारतीय विदेश मन्त्रालय र यसका मिसनहरुले विश्वका सबै देशहरूमा भारतको ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षणका साथै महान भारतीय व्यक्तित्वहरुको सम्झनालाई जोगाउन संचालन गरिरहेको अभियान अन्तर्गत यो पुननिर्माण शुरु भएको हो।
तीन एकडमा फैलिएको, गुरुदेव टेगोरको पैतृक हवेली र संग्रहालय भारत र बंगलादेशको साझा विरासत हो। यो घरमा टैगोरको जीवनसँग सम्बन्धित ३०० भन्दा बढी महत्वपूर्ण चीजहरू छन्। उनी सुत्रुने ओछ्यान र उनी बसेको कुर्सी पनि यस संग्रहालयमा राखिएका छन्।
गीताञ्जलि सोहि घरमा अनुवाद गरिएको थियो। कुटिबारी त्यो ठाउँ हो, जहाँ रवीन्द्रनाथ टेगोरले १९१२ मा गीताञ्रुजलीलाई अंग्रेजी अनुवाद गरि विश्व प्रसिद्ध बनाएका थिए। जसका लागि उनले १० डिसेम्बर १९१३ मा साहित्यको नोबेल पुरस्कार प्राप्त गरेका थिए। यति मात्र होइन, उनले आफ्नो प्रसिद्ध उपन्यास गोरा पनि सोहि हवेलीमा रचना गरेका थिए।

# आन्दोलनरत् उखु किसानलाई सांसद चौधरीद्वारा कम्बल वितरण

काठमाडौं। कठ्याङ्ग्रिदो चिसोमा आफ्नो बक्यौता माग गर्दै आन्दोलनरत् उखु किसानहरुलाई जनता समाजवादी पार्टी, नेपालकी सांसद चन्दा चौधरीले कम्बल वितरण गरेकी छन्। वर्षौंदेखिको बक्यौताको भुक्तानीका लागि उखु किसानहरुले गत आइतबारदेखि नै काठमाडौंको माइतीघर मण्डलामा धर्ना तथा प्रदर्शन गर्दै आएका छन्। शनिबार उखु किसानहरुको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै सांसद चौधरीले कम्बलसमेत वितरण गरेकी छन्। उनले उखु किसानको माग सरकारले तत्काल पूरा गर्नुपर्ने बताएकी छिन्। उनले किसानको माग तत्काल पूरा गर्न सरकारसँग आग्रह गर्दै किसानको भुक्तानी नगर्ने उधोगीलाई तत्काल कानुनी दायरामा ल्याउनुपर्नेमा जोड दिएकी थिइन्।

## आर्थिक समाचार

# नेपाल लाइफले ५१ प्रतिशत लाभांश दिने

काठमाडौं। नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले आफ्ना शेयरधनीलाई ५१ प्रतिशत लाभांश दिने भएको छ। कम्पनीले आर्थिक वर्ष २०७५/७६ को नाफाबाट ३१ प्रतिशत शेयर लाभांश र २० प्रतिशत नगद लाभांश दिने भएको छ। कम्पनीले आज एक विवरण सार्वजनिक गर्दै १ करोड ७० लाख ३८ हजार ९८ दशमलव ५१ कित्ता बराबरको शेयर लाभांश र रु. १ अर्ब ९ करोड ९१ लाख ४९ हजार ७ सय १९ बराबरको नगद लाभांश दिने प्रस्ताव गरेको जनाएको हो। उक्त प्रस्ताव बीमा समिति र कम्पनीको वार्षिक साधारणसभाबाट पारित भएपछि वितरण गरिनेछ। जीवन बीमा कम्पनीहरूमध्ये करिब एक तिहाई बजारहिस्सा ओगटेको यस कम्पनीको जीवन बीमा क्षेत्रकै सर्वाधिक करिब रू. ५ अर्ब ५० करोड रहेको चुक्तापूँजी लाभांश वितरण पश्चात रु. ७ अर्ब १९ करोड हुनेछ भने लगानी रू. १०४ अर्ब रुपैयाँ रहेको छ। त्यस्तै, कम्पनीको जीवन बीमा कोष ९४ अर्ब ८२ करोड रुपैयाँ र शेयरधनी कोष ९ अर्ब ७७ करोडभन्दा बढी रहेको छ। कम्पनीले यस आर्थिक वर्षको मंसिर समान्त सम्ममा जम्मा रू. १३ अर्ब ३१ करोड बीमा शुल्क संकलन गरेको छ। १ लाख ६७ हजार ५ सय ६५ प्रशिक्षित अभिकर्ता रहेको यस कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि हालसम्म देशभर फैलिएका २ सय शाखा तथा उप शाखा कार्यालयहरु मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ। हालसम्म स्वदेश र विदेश गरी २८ लाख २० हजार १ सय ९६ व्यक्ति यस कम्पनीमा बीमित भइसकेका छन्। ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरूसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ।

# शाखारहित बैंकिङ्ग सेवाको शुरूवात

बर्दिया। ग्लोबल आइएमई बैंकले बर्दियाको खैरापुरमा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ। यस शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २३९ पुगेको छ। बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. २, खैरापुरमा खोलिएको शाखारहित बैंकिङ्ग सेवाको उद्घाटन गुलरिया नगरपालिकाका मेयर मुक्तिनाथ यादवले गर्नुभयो। उक्त शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिको रुपमा साबित्रा खनाल र श्रीधर पोखरेललाई नियुक्त गरिएको छ। शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाले स्थानीय प्रतिनिधिमार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन्।

# आवेदकहरूलाई जनही ५० हजार

काठमाडौं। कोरोना भाइरस (कोभिड-१९) महामारीबाट विदेशमा मृत्यु भएका श्रमिकका आफन्तलाई सहयोग गर्ने उद्देश्यका साथ स्थापित आइएमई **'भरोसा कोश'** को रकम वितरण शुरू भएको छ। कोशबाट आवेदकहरूलाई जनही ५० हजारका दरले सहयोग रकम प्रदान गरिएको हो। शुक्रबार राजधानी काठमाडौंमा आयोजित एक विशेष कार्यकमकावीच आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले संयूक्त रूपमा काठमाडौंमा उपलब्ध आवेदकहरूलाई चेक हस्तान्तरण गरि वितरण प्रारम्भ गरेका छन्।
आइएमई पे वालेट मार्फत रकम भुक्तान लिन सक्ने व्यवस्था मिलाइएको कोशको सहयोग राशि पुस मसान्तसम्म हस्तान्तरण गरिसक्ने लक्ष्य लिइएको छ। चेक हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले कोभिड-१९ का कारण श्रमका लागि विदेश गएका धेरै नेपालीको मृत्यु भएको र आश्रित परिवारमा ठुलो पीडा थपिएको महसुस गरि त्यो पीडामा केहि सहयोग गर्न सकिन्छ कि भन्ने सोचका साथ भरोसा कोशको स्थापना गरिएको बताए। प्रबन्ध निर्देशक हेमराज ढकालले निजी क्षेत्रबाट स्थापित यस कोशले प्रभावित परिवारलाई केहि न केहि सहयोग पुग्ने उल्लेख गर्दै देश र आफ्नो समाज छाडेर परिवारको लालनपालनका लागि विदेशमा गएका श्रमिकको दुखद् निधन सम्बन्धित परिवारका लागि मात्र नभई राष्ट्र कै लागि अपुरणीय क्षति भएको बताए।

# नागरिक केयर सेन्टर भवन निर्माणार्थ सहयोग

विराटनगर। ग्लोबल आइएमई बैंक लिमिटेडले विराटनगरस्थित निर्माणाधिन नागरिक केयर सेन्टरको भवन निर्माणको लागि दुई लाख पचास हजार रुपैंया सहयोग गरेको छ। बैंककाप्रदेश नम्बर १ का प्रादेशिक प्रमुख शुभाष सापकोटाले मोरङ व्यापार संघ, विराटनगरमा आयोजित कार्यक्रमका बीच नागरिक केयर सेन्टरका संयोजक पवनकुमार शारडालाई रु दुई लाख पचास हजारको चेक हस्तान्तरण गर्नुभएको छ। कार्यक्रममा बोल्दै नागरिक केयर सेन्टरका संयोजक शारडाले ग्लोबल आइएमई बैंक लिमिटेडले नागरिक केयर सेन्टरको भवन निर्माणको लागि आर्थिक सहयोग गरी सामाजिक उत्तरदायित्व निर्वाह गरेको देख्दा निकै हर्षित भएको विचार व्यक्त गर्दै बैंकलाई धन्यवाद दिएका छन्।

# जम्मु-कश्मिरमा चुनाव जितेर ठूलो पार्टी बन्यो बीजेपी

काठमाडौं। सन् २०१९ को अगस्ट ५ मा मोदी सरकारले जम्मु कश्मिरमाथिको विशेष धारा ३७० खारेजी गरेपछि पहिलो पटक भएको चुनावमा भारतीय जनता पार्टी (बीजेपी)सबैभन्दा बढी मत सिटमा जीत हातपार्ने पार्टी बनेको छ। बीजेपी एक्लैले ७५ सिट हात पारेको छ। कांग्रेस आईले २६ सिट हात पारेको छ। त्यस्तै ७ वटा जम्मुकश्मिर आधारित दलहरुको समुह द गुपकार एलाईन्सले संयुक्तरुपमा ११० सिट हात पारेको छ। जम्मु प्रदेशमा बीजेपीले ७२ सिट हात पारेको छ। ६ जिल्लामा बीजेपीले एक्लौटी जित हात पारेको छ। त्यस्तै कांग्रेसले ४ जिल्लामा जित निकाल्दै ४५ सिट हात पारेको छ। कश्मिरमा गुपकार एलाईन्सले ७२ सिट हात पारेको छ। बीजेपीले ३ सिट हात पारेको छ। जम्मुकश्मिरमा समग्रमा बीजेपीले लिड गरेको छ अर्थात बीजीपी एक्लैले मात्रै ७५ सिट हात पारेको हो। यसबाट मोदी सरकारले गरेको धारा ३७० को खारेजीलाई जम्मुकश्मिरका नागरिकहरुले समर्थन गरेको स्पष्ट देखिन्छ। बीजेपीविरुद्ध अझ विशेष किसिमले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध विभिन्न प्रतिपक्षी दलहरुले जम्मुकश्मिरका मामिलामा अनेकथरी आलोचना गर्दै आइरहेका थिए। अझैं भन्नुपर्दा पाकिस्तानबाट समेत मोदी सरकारविरुद्ध यसविषयमा आलोचना हुँदै आएको थियो। तर, वास्तवमा मोदीले गरेको कुरालाई जम्मुकश्मिरका जनताले समर्थन गरेको चुनावी नतिजाले देखाएको छ।

# भारतले अक्सफोर्ड-एस्ट्राजेनिकाको खोपलाई प्रयोगका लागि अनुमति दिने

काठमाडौं। भारतले अर्को हप्ता अक्सफोर्ड र एस्ट्राजेनिकाले संयुक्त निर्माण गरेको कोरोनाविद्धको खोपलाई प्रयोगका लागि अनुमति दिने योजना बनाएको छ। भारतीय अधिकारीहरुलाई उद्धृतगर्दै रोयटर्सले दिएको जानकारी अनुसार भारतले बेलायतमा निर्माण गरिएको यस खोपलाई अनुमति दिने सम्भावना छ। यदी भारतले अक्सफोर्ड-एस्ट्राजेनिकाको खोपलाई प्रयोगका लागि स्वीकृति दिए भारत यो खोपलाई अनुमति दिने पहिलो मुलुक हुनेछ। यो खोप ६० देखि ९० प्रतिशत प्रभावकारी देखिएको बताइएको छ।




# साझा विवेकशीलको प्रवक्तामा शरदराज पाठक चयन



काठमाडौं। हालै एकिकृत भएको विवेकशील साझा पार्टीको प्रवक्तामा केन्द्रीय सदस्य शरदराज पाठक चयन भएका छन्। साझा विवेकशीलका अध्यक्ष रवीन्द्र मिश्रले मंगलबार एक विज्ञप्ति जारी पाठक प्रवक्तामा चयन भएको जनाएका छन्। गत संघीय निर्वाचनमा चितवन क्षेत्र नं ३ बाट पार्टीका उमेदवार रहेका पाठकले ग्रामीण विकासमा स्नातकोत्तर गरेका छन्। विवेकशील साझा पार्टीमार्फत् राजनीतिमा सकृय हुनअघि उनले विभिन्न सञ्चारमाध्यममा सम्पादकीय नेतृत्व गरेका थिए। प्रवक्ता पाठकलाई ९८५१२०९८७२ मा सम्पर्क गर्न सकिन्छ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं